दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ३० | बुटवल | २०८२ माघ १० गते, शनिबार | नेपाल संवत ११४६ | Saturday January 24, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# गगन थापा कांग्रेसबाट प्रधानमन्त्रीको उम्मेदवार

**यसअघि नेकपा एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई र राष्ट्रिय स्वतन्त्र पार्टीले बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेका छन् ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेपाली कांग्रेसले सभापति गगन थापालाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको छ ।

शुक्रबार बसेको पार्टीको केन्द्रीय कार्यसमिति बैठकले थापालाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्ने निर्णय गरेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।

उप-सभापति विश्वप्रकाश शर्माले थापालाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्ने प्रस्ताव पेश गरेका थिए ।

उनको प्रस्तावलाई बैठकले पारित गरेको चालिसेले जानकारी दिए ।

मुलुकको विशिष्ट परिस्थितिको मागलाई सही ढंगले सम्बोधन गर्ने जमर्कोको रुपमा लिन कांग्रेसले आग्रह गरेको छ ।

बैठकपछि सभापति गगन थापाले पार्टीको एकमात्र ध्येय देशको समुन्नति रहेको बताएका छन् ।

केन्द्रीय कार्यालयमा पद बहाल गरेपछि माइन्युटमा प्रतिबद्धता लेख्दै आफ्नो एकमात्र ध्यये देशको समुन्नति रहेको उनले बताएका हुन् । 'बदल्यौं कांग्रेस, बदल्छौं देश,' सभापति थापाले माइन्युटमा लेखेका छन्-'यही संकल्पका साथ नयाँ यात्रा प्रारम्भ गर्दैछौं, हामी । हाम्रो केवल एक ध्येय छ- देशको समुन्नति ।'

विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएपछि थापाले शुक्रबार पहिलो पटक केन्द्रीय कार्यालयमा केन्द्रीय कार्यसमितिको बैठक डाकेका हुन् । बैठकअघि उनीसहित पदाधिकारीहरूले पदभार ग्रहण गरेका थिए ।

जेनजी विद्रोहले नागरिकहरुमा सुशासनको भोक रहेको र भ्रष्टाचारको छटपटीबाट मुलुकलाई निकाल्नुपर्छ भन्ने रहेको थापाले बताए । उनले अब कांग्रेस आफ्नो पुरा शक्ति लगाएर निर्वाचनमा होमिएको जनाए ।

अघिल्लो निर्वाचनमा मतदाता र कांग्रेसका शुभचिन्तकले रुखमा मत हाल्ने अवस्था बनाएर आउनुस् भनेको उल्लेख गर्दै उनले अब आफूहरु त्यो कुरा सुधारेर यस पटक सबै क्षेत्रमा रुखमा मतदान गर्ने अवस्था बनाएर आफूहरु चुनावमा जान लागेको बताए ।

उनले नयाँ युगले नयाँ कुरा खोजेको बताउदै युवाहरुमा रहेको देश बदल्ने हुटहुटीलाई नयाँ कांग्रेसले सम्बोधन गर्ने जनाए ।

समय अभावका कारण पार्टीमा टिकट वितरण सोंचे जस्तो गर्न नसकेको थापाले स्वीकार गरेका छन् ।

उनले उम्मेदवार छनौटमा भएका कमिकमजोरीको जिम्मेवारी आफूले लिने भन्दै आफूहरुले कांग्रेसलाई बदलेको र बदलिएको कांग्रेसले देशलाई पनि बदल्ने बताए ।

अबका चुनावमा पार्टी कार्यकर्ताबाट क्षेत्रमै प्रारम्भिक चुनाव गरेर उम्मेदवार छनोट गरिने थापाले जनाए ।

उपसभापति शर्माले गगनले परिवर्तित समय र स्वरलाई 'डाइनामिक ढंगले' नेतृत्व गर्नसक्ने विश्वास समेत व्यक्त गरेको जानकारी गराए ।

'जुझारु विद्रोही छवि मात्रै होइन, प्रतिकुल समयमा संयम राखेर विषयवस्तुलाई परिपक्व ढंगले हल गर्नसक्ने क्षमता पनि छ, गगन थापासँग,' विश्वप्रकाशले भनेका छन्-'उत्तेजना र आवेगको राजनीति न त सुसंस्कृत हो, न दिर्घजीवि ।'

संयम भाव र सौम्य प्रवृत्तिलाई अघि लगाउनुपर्ने सामर्थ्य गगन थापासँग रहेको पनि उनको भनाइ छ ।

'यो समग्र अठोटको बलियो कमान्ड प्रधानमन्त्रीका रुपमा हाम्रो सभापतिबाट हुनसक्छ भन्नेमा हामी दृढ ढंगले प्रष्ट छौं ।'- शर्माले बैठकका निर्णय सुनाउँदै भने । यसअघि नेकपा एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई र राष्ट्रिय स्वतन्त्र पार्टीले बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेका छन् । उता श्रम संस्कृति पार्टीका हर्क साम्पाङले पनि आफूलाई प्रधानमन्त्रीको उम्मेदवार भन्दै प्रचार गरेका छन् ।

यसैबिच नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि केन्द्रीय प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरेको छ ।

सानेपास्थित पार्टी कार्यालयमा शुक्रबार बसेको बैठकले पार्टीका प्रवक्ता देवराज चालिसेको संयोजकत्वमा केन्द्रीय प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरेको हो ।

कांग्रेस केन्द्रीय कार्यालय भवन पुनर्निर्माणका लागि पार्टीका निवर्तमान कोषाध्यक्ष उमेश श्रेष्ठको संयोजकत्वमा केन्द्रीय कार्यालय भवन पुनर्निर्माण समिति गठन गर्ने निर्णय गरेको प्रवक्ता चालिसे जानकारी दिए ।

यस्तै, बैठकले ११ माघमा हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा पार्टीकातर्फबाट आवश्यक समन्वय गर्न उपसभापति पुष्पा भुसाललाई

## नवलपरासी २ मा देवेन्द्राजले पाए आधिकारिकता



परासी । नेपाली कांग्रेसले नवलपरासी पश्चिम प्रतिनिधिसभा क्षेत्र नं. २ मा आधिकारिक उम्मेदवार देवेन्द्रराज कँडेल भएको जानकारी दिएको छ । पार्टी सभापति गगनकुमार थापाले निर्वाचन आयोगलाई पत्र लेखेर आधिकारिक उम्मेदवारबारे जानकारी गराएका हुन् ।

यसअघि निर्वाचन आयोगले बिहीबार भीमबहादुर थापाको उम्मेदवारी कायम रहेको जानकारी दिएको थियो । दुवै जनाले पार्टीबाट टिकट ल्याएर उम्मेदवारी दर्ता गरेपछि आधिकारिकता विवाद उत्पन्न भएको थियो । थापाले सुरुमा उम्मेदवारी दर्ता गराएका थिए । उनको प्रस्तावकमा केन्द्रीय सदस्य राधेश्याम पाठक र समर्थक यमलाल भुसाल थिए ।

निर्वाचन अधिकृतको कार्यालयले थापाको उम्मेदवारीलाई ७ नम्बरमा दर्ता गरेको थियो । कँडेलले केही समयपछि उम्मेदवारी दर्ता गरेका थिए ।

दुवै जनाले आफूलाई आधिकारिक उम्मेदवार दाबी गरेपछि जिल्ला मुख्य निर्वाचन अधिकृत डा. राजेन्द्रप्रसाद आचार्यले दुई दिनको समय लिएर अध्ययन गरी बिहीबार थापालाई आधिकारिकता दिएका थिए ।

कँडेल कांग्रेसमा शेरबहादुर देउवा निकटका नेता हुन् भने थापा सभापति गगनकुमार थापा निकट मानिन्छन् । तर सभापति थापाले आयोगलाई पत्र लेखेर कँडेल आधिकारिक भएको जानकारी गराएका हुन् ।

## रूपन्देही २ मा कर्भिकाको उम्मेदवारी फिर्ता

बुटवल । फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनका लागि रुपन्देही क्षेत्र नं. २ बाट उम्मेदवारी मनोनयन गरेकी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की उम्मेदवार कर्भिका थापाले शुक्रबार उम्मेदवारी फिर्ता लिएकी छन् ।

उनले स्थायी आवसीय अनुमतिपत्र (पिआर) परित्याग गरेको तीन महिना अवधि नपुगेकाले उम्मेदवारी फिर्ता लिएको विज्ञप्तिमार्फत् जानकारी दिइन् ।

नेपालको संविधानको धारा २९१ अनुसार विदेशमा बस्दा प्राप्त स्थायी आवासीय अनुमतिपत्र (पिआर) परित्याग गरेको तीन महिना अवधि पुगेपछि मात्र नेपालको कुनै पनि निर्वाचनमा उम्मेदवार बन्न पाउने व्यवस्था गरिएको छ ।

उम्मेदवार थापाले आफ्नो उम्मेदवारीका विषयमा कहीं कतैबाट निर्वाचन आयोगमा उजुरी परेको नभई संविधानअनुसार उम्मेदवार बन्न नमिल्ने भएर पार्टीले उम्मेदवारी फिर्ता लिन अनुरोध गरेकाले आफूले उम्मेदवारी फिर्ता लिने निर्णय गरेको विज्ञप्तिमार्फत् जानकारी दिइन् । उम्मेदवार थापाले अध्ययनका क्रममा विदेशमा स्थायी आवास अनुमति (पिआर) लिएको भए पनि नेपाली नागरिकता र राहदानीबाहेक अन्य कुनै देशको नागरिकता वा राहदानी नलिएको स्पष्ट पारेकी छन् ।

तर नेपालको संविधानको धारा २९१ अनुसार स्थायी आवास अनुमति परित्याग गरेपछि कम्तीमा तीन महिना पूरा भएपछि मात्र उम्मेदवारी दिन पाइने संवैधानिक व्यवस्था रहेको थाहा पाएपछि आफूले उम्मेदवारी फिर्ता लिने निर्णयमा पुगेको उनले बताइन् ।

उम्मेदवार थापाको उम्मेदवारी फिर्ताको निवेदन आएको र त्यसउपर आवश्यक अध्ययन भइरहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

## एमालेलाई एकतामा आउन प्रचण्डको आग्रह

बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा (एमाले)लाई पनि आफ्नो पार्टीसँग एकता गर्न आह्वान गरेका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले मुलुकलाई संकटबाट जोगाउनका लागि राष्ट्रिय शक्ति आवश्यक रहेको उल्लेख गरे ।

संयोजक दाहालले त्यसका लागि सबै वामपन्थी, कम्युनिस्ट र लोकतान्त्रिक शक्तिहरूबीचको एकता जरुरी रहेको बताए ।

'राष्ट्रिय शक्ति निर्माणको यो महाअभियानमा सामेल हुन म एमालेलाई अपिल गर्न चाहन्छु । हामी सबैका लागि राष्ट्रभन्दा ठूलो अरु केही पनि छैन । राष्ट्र संकटमा छ । नेपाली जनताको एकताले मात्रै मात्रमै मुलुकको राष्ट्रियतालाई सुदृढ गर्न सकिन्छ । वामपन्थी र कम्युनिष्टको एकताले नै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न सक्दछ । अरु लोकतन्त्रवादीहरू पनि यो मोर्चामा आबद्ध हुन जरुरी छ ।'- उनले भने ।

मुलुकलाई संकटबाट जोगाउनका लागि आफूहरूले पार्टीहरूबिचको एकता अभियानलाई तीव्रता दिएको समेत बताए । प्रचण्डले मुलुकमा प्रतिक्रियावादीहरूको चलखेललाई रोक्न पनि सबै देशभक्तहरूले एकतावद्ध भएर अघि बढनुपर्ने अवस्था आएको जनाए ।

'प्रतिक्रियावादीहरूको चलखेल रोक्ने एकमात्रै उपाय भनेको हामीबिचको एकता हो । अब एक नम्बर पार्टी हुन्छ ।'- उनले भने । संयोजक दाहालले मुलुकलाई निकास दिन निर्वाचनको विकल्प नभएकाले आफूहरूले नै त्यसमा अडान लिएको समेत बताए ।

'सबै राजनीतिक दलहरू निर्वाचनमा जाने वातावरण बनेको छ । देश अझै पनि संकटमा छ । दुर्घटना पूरै टरिसक्यो भन्ने छैन । बलियो राष्ट्रिय शक्ति निर्माण गर्न सकिएन भने दह्रो एकता जनताको पैदा गर्न सकिएनभने फेरि पनि दुर्घटना हुन सक्छ ।'- प्रचण्डले भनेका छन् ।

## रूपन्देही २ मा एमालेको ९०१ सदस्यीय चुनाव परिचालन समिति




बुटवल । नेकपा एमालले रुपन्देही निर्वाचन क्षेत्र नम्बर २ को निर्वाचन परिचालन समितिको कार्यालय उद्घाटन र निर्वाचन परिचालन समिति घोषणा गरेको छ । बुटवलमा आयोजित एक कार्यक्रममा क्षेत्रीय अध्यक्ष ऋषि पाण्डेको अध्यक्षतामा कार्यालय उद्घाटन तथा समिति घोषणा गरिएको हो ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि एमाले नेता भोजप्रसाद श्रेष्ठको संयोजकत्वमा ९०१ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरिएको छ । समितिको सह-संयोजकमा राजु गुरुङ चयन भएका छन् भने आर्थिक परिचालन समितिको संयोजकको जिम्मेवारी एजाज आलमलाई दिइएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्यका उम्मेदवार पूर्व अर्थमन्त्री विष्णु पौडेलले अब रुपन्देहीमा भौतिक पूर्वाधार विकास मात्र नभई सामाजिक, मानवीय विकास, शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जना आफ्नो प्रमुख प्राथमिकता रहने बताए । उनले रुपन्देहीको भौतिक विकास देशका लागि सिकाइको नमूना बनेको उल्लेख गर्दै अब नागरिकको आयस्तर वृद्धि हुने खालका योजना कार्यान्वयनमा आफू प्रतिबद्ध भएर लाग्ने जनाए ।

पौडेलले आफूलाई मत नदिनुपर्ने कुनै कारण नरहेको भन्दै मतदातालाई अहिलेसम्म गरेका कामको निष्पक्ष मूल्यांकन गरेर मत दिन आग्रह गरे ।

यस्तै समानुपातिकतर्फका उम्मेदवार एजाज आलमले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विषयलाई आफ्नो मुख्य एजेन्डा बनाउने बताए । रुपन्देहीको विकास र देशको समृद्धिका लागि एमाले नेतृत्वको सरकार अपरिहार्य रहेको उनले दाबी गरे । उनले परिवारका सदस्य र पार्टी सदस्यलाई संगठित गर्न सके एमाले निर्वाचनमा सहजै विजयी हुने विश्वास व्यक्त गरे ।

निर्वाचन परिचालन समितिका संयोजक भोजप्रसाद श्रेष्ठले रुपन्देहीको सुकुम्बासी समस्या समाधान गर्न एमाले सधैं प्रतिबद्ध भएर लागेको बताए । क्षेत्रीय कमिटी अध्यक्ष ऋषि पाण्डेले निर्वाचनमा सबै नेता-कार्यकर्तालाई एकढिक्का भएर परिचालन हुन आग्रह गर्दै पार्टीलाई विजयी गराउन संगठित रूपमा अभियानमा लाग्न निर्देशन दिए ।

हार्दिक बधाई तथा शुभकामना



नित्यानन्द ज्ञवाली

यस सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष नित्यानन्द ज्ञवाली कालिका मानवज्ञान माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा चयन हुनु भएकोमा हार्दिक बधाई एंव सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।

सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार
तिलोत्तमा–१ शंकरनगर, रूपन्देही

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ माघ १० गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

पुग्छु भनेर गएको ठाउँ
पाइलैपिच्छे पर सर्छ !
– वासु शशी

# विश्वकै दुखान्त मानवीय दुर्दशाको प्रतिनिधि विश्व साहित्य



एच.के. श्रेष्ठ

**परिचयः**

'ज्याज एज' र 'अमेरिकन ड्रीमका' उन्नायक उपन्यासकार फ्रान्सिस स्कट फिजराल्डले तीन सय हजार पिस 'द ग्रेट गेट्स्बी' किताब विना विज्ञापन प्रति वष बिक्री गर्दथे । यसरी लाखौं संख्यामा बिक्री भएको कारण तत्कालिन अमेरिकन समाजको जीवन्त फोटो थियो, यो उपन्यास । स्वयम् उपन्यासकार फिजराल्डको आफ्नै श्रीमती न्यायाधीशको छोरी जेल्डा निकै राम्रो लेखिका र अति उत्तम पेन्टर थिइन्, जसलाई उनको लेख/रचनाहरूबाटै प्रभाव पारेर गहिरो प्रेम र विवाह भएको थियो सन् १९१८ मा । यसैबाट प्रष्ट हुन्छ उनको विवाहपश्चात् सिर्जना गरिएको यो उपन्यासको बौद्धिक स्तर कति छ भन्ने । समालोचक ए.इ. डाइसनको टिप्पणी छ-'यो विश्वकै लिटरेचर हो, यसले केवल अमेरिकन समस्यामात्र नभएर समग्र दुखान्त मानवीय दुर्दशालाई दर्शाउँछ ।' फिजराल्ड आफैं रोमान्टिक र दुखान्त फिगर थिए ।

फिजराल्डको जन्म धनि, उच्च मध्यम वर्गको व्यापारीको छोराको रूपमा भएता पनि पारिवारिक आर्थिक क्राइसिसमा परेको हुँदा अधिकांश पात्रहरूमार्फत् आर्थिक लालचउन्मुख चरित्र हावी देखाइनु स्वाभाविक छ । सबै खालका राग तथा क्षोभ र सयलवादी छिनाझम्टी पात्रहरुको प्रवृत्ति देखिनु स्वादिलो परिवेश नै हो । भौतिकवादी भ्रम र वास्तविकताबिच द्वन्द्वको नाटकीकरण उपन्यासको विषय सुहाउँदो छ ।

पुस्तक समीक्षा
पुस्तक /रचना : द ग्रेट गेट्स्बी :
विदा : उपन्यास
उपन्यासकार : फ्रान्सिस स्कट फिजराल्ड (अमेरिकन)
प्रकाशन : सन् १९२५
सम्पादन : केन वुश

**पृष्ठभूमिः**

विशेष गरेर प्रथम विश्वयुद्धपछिको तत्कालीन आधुनिक अमेरिकन समाज अमेरिकन ड्रीम, ज्याज युग अनि लस्ट जेनेरेसन स्वरुपीये धरातलमा थियो । त्यसो त सन् १९२० को दशकको अन्त्य अर्थात् सन् १९२९ आर्थिक मन्दीको चपेटामा थियो । आर्थिक मन्दीको पिल्सावटले अमेरिकनहरूमा आर्थिक उपलब्धिसँगै मटेरियल समृद्धिको तीव्र चाहना बढेको थियो ।

सन् १९७६ मा बेलायतविरुद्ध राजनीतिक रूपमा विद्रोह गरेको अमेरिकी स्वतन्त्रता संग्रामले पूर्णरूपमा स्वतन्त्र पहिचान दिलाउन सफल भएपछि उठेको अमेरिकन ड्रीमको अवधारणा सर्वत्र हावी थियो । सबै अमेरिकनवासीहरू समान जीवन, स्वतन्त्रता र आनन्द वा खुसीको खोजीको थोमस जेफर्सनीय धारणाले अघि बढ्दै थिए । त्यो सँगसँगै सबै काममा व्यस्त रहने, सबैले प्रशस्त पैसा आर्जन गर्ने, धन सम्पत्ति जोड्ने, भौतिक सुख, सुविधाले सम्पन्न जीवन जिउने, उच्च ओहोदा कायम गर्ने र सर्वमान्य बन्ने थिम लिएको अमेरिकन ड्रीमको लिगमा अमेरिकन समाज थियो ।

अर्कोतर्फ प्रथम विश्वयुद्धपश्चात्को अमेरिकन जिन्दगी नयाँ ढंगको फेरबदलले रंगियो । जसरी विश्वयुद्धहरूले शक्ति केन्द्रलाई तितरवितर बनायो, पुरानो भौतिक संरचना ध्वस्त गऱ्यो, अरबौं धनजन सखाप पाऱ्यो र पूरै उथलपुथल ल्यायो । त्यसैगरी अमेरिकन समाजमा पुरानो सामाजिक मूल्यमान्यता, परम्परा, संस्कृति र आर्थिक अवस्थालाई ध्वस्त पारेर नयाँ रूपमा अगाडि बढ्दै थियो । पुरानो स्थापित समाज भत्केर नयाँ बन्दै थियो । आधुनिक मिश्रित समाजसँगै तितरवितर भएका लेखक, कलाकार, जनशक्ति तथा अन्य क्षमताका मान्छेहरू, पुनः संगठित भई लागेका थिए । चरम शहरीकरण, औद्योगिकीकरण र भौतिक विकासको फेरोमा आधुनिक-अत्याधुनिक भौतिक वस्तुहरूको तृष्णामा समाज डुब्दै थियो । युवा पुस्ताहरूमा मनोरञ्जन तथा सयलको चरम उपयोग जाग्दै थियो । दैनिक पार्टी, भोज उत्सव, कन्सर्ट तथा म्युजिकको आनन्दित स्वादमा नयाँ पिँढी रमाउन व्यस्त थिए । प्रेम र सेक्सको चर्तिकला उत्पात थियो । 'द ग्रेट गेट्स्बी' तिनै स्वरुपहरूको धरातलको गर्भबाट जन्मेको छ ।

तत्कालीन अमेरिकी समाजमा विद्यमान सर्वपक्षीय चरित्र र स्वरुपलाई सर्लक्कै फोटोकपी गर्न सफल उपन्यास 'द ग्रेट गेट्स्बी' कति सक्दो सिर्जनशिल र नवीन तर जटिल ढाँचाको थियो भन्ने कुरा स्वयम् उपन्यासकार फ्रान्सीस स्कट फिजराल्डले प्रकाशकलाई भनेको 'आइ मस्ट ट्राइ टु राइट सम्थिङ न्यू, सम्थिङ एक्स्ट्रा अर्डिनरी एण्ड ब्युटीफुल , सिम्पल एण्ड ईन्ट्रिकेट्ली प्याटर्न्ड' भनाइबाटै पुष्टि हुन्छ । अहिलेसम्मै लेखिएको मध्ये सर्वोत्कृष्ट उपन्यास हो भन्ने दाबी पनि उनै फिजराल्डको थियो ।

पात्रको हिसाबले प्रमुख र सहायक गरी लगभग बीस संख्यामा रहेको यो उपन्यासमा सम्पूर्ण प्रवृत्ति भेटिन्छ । निक क्यारावे, जे गेट्स्बी, टम बुचानन् र डेजीको भूमिका नै प्रमुख पात्रको देखाइएको छ भने जर्ज विल्सन, मीर्टल विल्सन, दान कोडी, जोर्डन वेकर, मेयर वल्फ्सीम आदि सहायक पात्रहरू मध्येका महत्वपूर्ण हुन् । अमेरिकन ड्रीमको प्यासनमा हुत्तिएका ती पात्रहरू ज्याज युगीन चरित्रको चरम अभ्यासमा रंगिएको देखिन्छ ।

**कथावस्तुको सेटिङ र प्लटिङ**

कथावस्तुको सेटिङ र प्लटिङको नजरियामा नौ च्याप्टरमा विभाजित यस चर्चित उपन्यासमा मिड वेस्ट, वेस्ट एग, ईष्ट एग, लङ्ग आइल्याण्ड, न्युयोर्क र भ्याली अफ आसेशलाई नै स्थानको जोडदार महत्व दिइएको छ । प्रथम व्यक्ति कथन शैलीमा लेखिएको यो उपन्यासको प्रमुख पात्र, कथक र निरीक्षकको समेत भूमिका पकडेका निक क्यारावे सम्पूर्ण घटनाको वृत्तान्त मात्र कहँदैनन् कि सबै पात्रहरूका गतिविधि, क्रियाकलाप, व्यवहार, धारणा र प्रवृत्तिको समेत सूक्ष्म निरीक्षण गर्दछन् । यद्यपि कमेन्ट त्यति धेरै पोख्दैनन् ।

कथक निकको परिचयात्मक पृष्ठभूमिबाट सुरु भई उनको माइग्रेसन मिड वेस्टबाट भएर वेस्ट एगमा धितो व्यापार सुरु गरेको प्रथम च्याप्टर उनको भतिजी डेजी र श्रीमान् टम बुचाननको ईस्ट एगमा अवस्थित घरमा डिनर खाने घटनामा केन्द्रित छ । त्यो अवसर नै निक क्याराबेको जोर्डन वेकरसँगको भेट र परिचय साथै प्रेमको ढोका खुलेको अवसर हो । निकले गेट्स्बीलाई देख्ने मात्र काम हुन्छ । दोस्रो च्याप्टरले खरानीको उपत्यका (भ्याली अफ आसेश) लाई निकमार्फत् बयान गराउने प्लटिङ समेटेको छ । जहाँ धनाढ्य पात्र टमले आफ्नी प्रेमिका मिर्टल विल्सन (ग्यास कम्पनीको मालिक्नी) लाई निकसँग परिचय गराउँछ । पार्टी खाँदा कारणवश टमले प्रेमिका मिर्टलको नाक फुटाइदिएको पनि छ ।

तेस्रो च्याप्टरमा गेट्स्बीको भव्य पार्टीको आयोजना जहाँ सबै नानाथरिका सरिक हुन्छन् र निक क्याराबेसँग परिचय पनि त्यहि हुन्छ । निक र जोर्डन वेकरको प्रेमको डोरी बाटिन पुग्छ । निक र गेट्स्बीको राम्ररी कुराकानी चौथो च्याप्टरले गराउँछ । गेट्स्बीले निकलाई आफ्नो अतितको बारेमा वर्णन गर्छ । डेजीसँगको प्रेम वियोगको पीडा गेट्स्बीले निकलाई पोख्ने मात्र होइन निकलाई चिया पार्टीको होस्ट बनेर डेजीसँग उसको पुनर्मिलन हुने व्यवस्थाको अनुरोध गर्छन् । गेट्स्बीको आर्मी जागिरको विषय र डेजीसँग प्रेममा फसेको कुरा जोर्डनले खोलिदिन्छ ।

च्याप्टर पाँचमा गेट्स्बी र डेजीको पुनर्मिलन समेटिएको छ । गेट्स्बीले डेजीलाई प्रभाव पार्न हदैसम्मको प्रयासको क्रममा उनले बुर्जुवा, पुँजीवादी र देखावटी शैलीको प्रयोग गर्छन् । उनले आफ्नो घर, कोठा, भौतिक सामानहरू महंगो लत्ताकपडा सबैको प्रदर्शनी डेजीको आत्मा जित्ने हतियारको रुपमा गर्छन् । पाहुनालाई म्युजिकको आनन्द दिएर आकर्षण गर्न क्लीपस्प्रिङगरको भूमिका अघि सर्छ । च्याप्टर छमा निकले गेट्स्बीको पूर्व इतिहास र वास्तविक परिचयको वृत्तान्त बताउँछन् । उनको वास्तविक नाम, उनी घर छोडेर हिँडेको र दन कोडी भन्ने समुन्द्री जहाजको मालिक अरबपतिले लगेर पानी जहाजमा यात्रा गराउँदै पाँच वर्षसम्म पालेर शिक्षादिक्षा दिएको प्रसंग उल्लेख छ । गेट्स्बीलाई डेजीसँगको गुमेको प्रेमको चिन्ता र त्यसलाई फेरि प्राप्त गर्ने प्रयास छ । तर उनी त्यति सफल हुँदैनन् भन्ने सन्दर्भको बिसौनी छैटौं च्याप्टर हो ।

अन्य सबै च्याप्टरको तुलनामा सबैभन्दा लामो सातौं च्याप्टर घटना परिघटनाको हिसाबले पनि निकै ओझिलो मान्न सकिन्छ । उपन्यासलाई भारी पुऱ्याउन सार्थक घटना यसैमा भेटिन्छ । गेट्स्बी र टम वुचाननको डेजीसँगको आन्तरिक विषयको उद्घाटित, न्युयोर्क होटलमा पार्टी गर्न गएको, डेजीले श्रीमान टमलाई छोडेर प्रेमी गेट्स्बीको कारमा गएको प्रेम विद्रोह, मिर्टलसँगको टमको प्रेममा मिर्टलको श्रीमान् जर्ज विल्सनद्वारा धक्का, टम वुचानलले प्रेमिका मिर्टल र आफ्नै श्रीमती डेजीको माया गुमेको अनुभूति आदि । न्युयोर्कको होटलमा अत्याधिक मदिरा पिएपछि उनीहरूबीच रिसराग बढ्दै जाँदा झगडा र हानाहानको परिस्थिति बन्यो । डेजीलाई गेट्सीद्वारा प्रेमको अग्नी परीक्षा हुँदा डेजीले टम बुचाननप्रति माया छैन् भन्न नसक्दा गेट्स्बीको भावनामा ठूलो चोटसँगै न्युयोर्कबाट फर्कने योजना बनेको छ ।

न्युयोर्कबाट फर्कदा गेट्सी र टमले आ-आफ्नै गाडी चलाएकै कारण मिर्टलको दुर्घटनामा मृत्युको घटनाले जर्ज विल्सनलाई थोरै भ्रम सिर्जना गरेको छ । गेट्स्बीको कार डेजीले चलाउँदा मिर्टललाई ठक्कर दिएर मृत्यु हुन जान्छ र पछि यहि निर्दोष ग्रेट्स्बीको जर्जद्वारा हत्याको कारण बन्छ ।

आठौं अध्यायले अझ क्लाइमेक्सतर्फ घटनालाई चढाएको छ । डेजीले कार दुर्घटनामार्फत् मिर्टलको हत्या गरिसकेपछि उनीमा इमान्दारिताको खडेरीले गर्दा आपराधिक दोषको भागिदार निर्दोष गेट्स्बी हुने परिबन्ध छ । श्रीमती मिर्टलको दुर्घटनामा मृत्युले भावविभोर भएर छटपटाएको जर्ज विल्सन कारवाला हत्याराको खोजीमा टमकहाँ पुग्दा टेमले विश्वासघात र बेइमानीको पराकाष्ठा प्रदर्शन गर्दै गेट्स्बीले मारेको आरोपसहित ठेगाना बताइदिन्छ । जसले गर्दा जर्ज विल्सनले घरको पोखरीमा पौडी खेल्दै गरेको गेट्स्बीलाई गोली हानी मार्छ र आफू पनि आत्महत्या गर्छ, त्यही गोलीबाट । यस मानेमा अध्याय सात र आठ उपन्यासकै केन्द्रीय भाग मान्न सकिन्छ ।

अध्याय नौ अन्तिम अध्यायको रूपमा सिर्जित छ । गेट्स्बीको दाहसंस्कारको कार्यक्रम, खान, पिउन पार्टीमा सम्पूर्ण सहभागीहरूको नियत परीक्षण, टम र डेजी बुचाननको स्वार्थको अतिवादी व्यवहार र निक क्याराबेको गेट्स्बीप्रतिको इमान्दारिता र नैतिकता, निःस्वार्थता, परिपक्वता तथा व्यवहारिकताको प्रदर्शन जस्ता महत्वपूर्ण पक्षको समाविष्टले अन्तिम अध्याय अर्थपूर्ण रूपमा खडा छ ।

नोटः (कृपया याहासम्म एउटा र यस मुनिको अर्को अंक गरी दुई भागमा निकाल्दा ठीक होला कि)

**समीक्षा :**

सन् १९२० को दशकमा विमारले थलिएको अमेरिका पहिलो विश्वयुद्धको चपेटामा परेर घुत्रुक्कै भएको अमेरिकन पुनहः अमेरिकन ड्रीमको नयाँ उत्साह, उमंग र महत्वाकांक्षाले ओतप्रोत हुँदै अघि बढ्दै थियो ।

तत्कालीन बिमारी अमेरिकाको सामाजिक, आर्थिक र सांस्कृतिक दर्पण प्रतिबिम्बित गर्न जीवन्त उपन्यास 'द ग्रेट गेट्स्बी' फ्रान्सिस् स्कट फिजराल्डको कला, कौशल, सिर्जनशीलता र बौद्धिकताको चमत्कार मान्न सकिन्छ । बिमारले थलिएपछिको बिमारी भोकले खौलिएझैं प्रथम विश्वयुद्धले थलिएर तङ्ग्रीएको अमेरिकन समाज 'अमेरिकन ड्रीम' को तीक्ष्ण भोगको रफ्तारमा हुँइकिएको र सोही ड्रीमको भ्रष्टाचारमा डुबेको पुष्टी गर्ने उद्देश्य उपन्यासको देखिन्छ । वास्तवमा 'अमेरिकन ड्रीम' 'ज्याज युग' र 'लष्ट जेनेरेसन' को अतिवादी अभ्यासको आधार हो । आधुनिक अमेरिकन समाजमा व्याप्त बुर्जुवा चरित्र, पुँजीवादी अराजकता, यौन विकृति, भौतिक विलाषी जीवनको चरमता, आर्थिक तथा नैतिक भ्रष्टता, आध्यात्मिक तथा धार्मिक नष्टता र चारीत्रिक जटिलताको कन्टेनर 'अमेरिकन ड्रीम' भन्दा प्रतिवाद हुन सक्दैन ।

यिनै ज्याज युगीन जटिलताको पराकाष्ठालाई भारी हाल्दै सिर्जित उपन्यास 'द ग्रेट गेट्स्बी' तत्कालीन अमेरिकन फोटोकपीको रूपमा प्रतिबिम्बित गर्न खडा छ । असल चरित्र दुर्लभ तथा अपवाद र खराब चरित्रको बिगबिगी देखाइएको यो प्रख्यात उपन्यासमा निक कारावे, गेट्स्बी, टम बचानन्, डेजीलाई अति महत्वपूर्ण पात्र र जर्ज विल्सन, मिर्टल विल्सन, जोर्डन वेकर, दन कोडी, मेयर वल्फ्सीम आदिलाई महत्वपूर्ण पात्रको रूपमा जिम्मेवार बनाइएको छ । त्यसो त सम्पूर्ण पात्र र प्रवृत्ति बटुलिने गरी अन्य झण्डै एक दर्जन बढी पात्रहरू सहायक भूमिकामा ल्याइएको छ । उपन्यासमा सेटिङ र प्लटिङ भएका नौवटा अध्यायसम्मका घटनाहरूको कथक अर्थात् वृतान्तकार निक करावे प्रमुख पात्र मात्र होइनन् उनी निरीक्षकको भूमिका बहन गरेका छन् । उपन्यासको धुरी पात्र गेट्स्बी बाहेक एउटा मात्र असल, सकारात्मक र सद्गुणी पात्र निक करावे उपन्यासकार फिजराल्डको प्रतिनिधि मान्न सकिन्छ । कथाको प्रारम्भिकतादेखि अन्तिमसम्म पूराका पूरा घटनामा संलग्न निकले सबै घटनाको बेलिविस्तार त लगाउँछन् नै साथै घटनामा समाहित सम्पूर्ण पात्रहरूका क्रियाकलाप, गतिविधि, व्यवहार, प्रवृत्ति र चरित्रको कुशल तथा परिपक्व निरीक्षण गरी कमेन्ट गर्दछन् । उनलाई यो जिम्मेवारी अति नै सुहाएको छ किनकि उनीमा कुनै चारीत्रिक, नैतिक, आर्थिक, भौतिक र व्यक्तिक कमजोरी देखिँदैन ।

टम, डेजी बुचानन्, गेट्स्बी र अन्यभन्दा गरिब निक धितो व्यापारको सञ्चालकको रूपमा भाडामै जीविकोपार्जित छन् । उनी लोभी, पापी भ्रष्ट, अनैतिक र चरित्रहीन सबै पात्रहरूका लागि असल पाठ सिक्न लायक गुरु हुन् भन्दा हुन्छ । नत पार्टीहरूमा अल्कोहल पिएर झल्लिएको पाइन्छ, नत चरित्र गुमाएको नै छ उसले, नत भौतिक लालच नै राखेका छन् । अधर्मी, पाखण्डी, धुर्त, लोभी, पापी, बेइमानी, स्वार्थी र अमेरिकन ड्रीमको भ्रष्ट पात्रहरूको भीडमा अडिग चरित्रको रूपमा खडा हुनु असामान्य र अपवाद हुन्, निक करावे ।

दुःखान्त हिरो गेट्स्बीसँगै उनलाई हिरोको मान्यता दिँदा न्याय हुन्छ । भौतिक जीवनको अतिभोगी टम-डेजी बुचानन, दन कडि, मेयर विल्फ्सीम आदिको संगतको बाबजुद पनि गेट्स्बीको जीवन-मरणसम्मका दिनहरूमा उनले अति इमानदार ढंगले धर्म निभाए । गेट्स्बीलाई हरेक कुरामा साथ र सहयोग गर्ने निक गेट्स्बीको जर्ज विल्सनद्वारा हत्यापछिको दाहसंस्कार प्रोग्रामसम्म बहुत जिम्मेवार असल मित्रको भूमिका निभाएर सबैलाई मृत्युको खबर गर्दै दाहसंस्कारमा उपस्थितको सूचना दिएर व्यवस्था समेत मिलाए । गेट्स्बीले आयोजना गरेको निरन्तरको विभिन्न पार्टीमा चिनेका र नचिनेका हजारौं मान्छे जम्मा भए । खानपान र रंग रमाइलोको मस्ती लिए तर गेट्स्बीकै दाहसंस्कार कार्यक्रममा ओल्फ आइ, बुबा हेनरी गेज, हुलाकी र नोकर बाहेक कोही समावेश नहुनु स्वार्थी पुँजीवादी सामाजिक चरित्रको पराकाष्ठा हो । स्वयम् गेट्स्बीको प्रेमिका डेजीले समेत समवेदना र एउटा फूल समेत नचढाउनु आश्चर्यचकित छ । टम बुचानन् त झन् साथीको हैसियत नै बिर्सेर गेट्स्बीको मृत्युमा आनन्द मानेर अमानवीयताको उदाङ्गो नमुना बनेका छन् ।

**प्रेमको नौटंकी**

उपन्यासको अर्को जोडबल महिला चरित्र, पुँजीवादी भौतिक प्रेम र कमजोरीको पर्दाफासमा छ । निक क्याराबेको प्रेमिका जोर्डन बेकरको धुत्याईं, जालझेल र षड्यन्त्रले आफैंमा व्यंग्य गरेको छ । डेजीको धनसम्पतिप्रतिको मोहले गर्दा आफ्नो प्रेमी गेट्स्बीलाई छोडेर धनी टमसँग बिहे गर्नुले प्रेमको नौटंकी कति हुँदो रहेछ भन्ने पुष्टि हुन्छ । गेट्स्बीसँग एक वर्ष प्रेमपश्चात् टमसँग पोइल गए पनि पुनः गेट्स्बीसँग सम्पर्कमा आएर प्रेमको नौटंकी गरेको रहेछ भन्ने कुरा टम र गेट्स्बीको बिच डेजीले खुलेर भन्न नसकेकोबाट थाहा हुन्छ । त्यसो त आफ्नो श्रीमान जर्ज हुँदाहुँदै टमसँग प्रेम गर्ने मिर्टल विल्सन श्रीमानको आलोचनामा आनन्द मान्नु र अति अश्लिल ढंगले प्रस्तुत हुनु आधुनिक छाडा महिलाको द्योतक हो ।

त्यसो त टम बुचानन्को चरित्र पुरुषकै बेइज्जती प्रतिनिधित्व हो । अति भौतिक समृद्धि, उपभोग, धनसम्पत्ति र मानसम्मानको भोको टम कसैप्रति सिरियस छैनन् । धनसम्पत्तिले जे गरे पनि हुन्छ भन्ने उनको मान्यता अति नै निन्दनीय छ ।

बुर्जुवा समाजमा कति गतिछाडा, निर्लज्जता र हाकाहाकी उत्ताउलोपनको प्रस्तुति हुन्छ भन्ने उदाहरण हुन् यी । आफ्नो श्रीमती मिर्टल विल्सनको टम बुचानन्सँग प्रेम भएको थाहा पाउँदा पनि त्याग्न नसक्ने बरु कोठामा थुनेर राख्ने जर्ज विल्सनमा आत्मगत कमजोरीको पराकाष्ठा भेटिन्छ । यद्यपी उनले श्रीमती मिर्टलप्रति प्रेमभाव भने गहिरो राखेको हुन सक्छ । त्यसको चुनौतीमा मिर्टल श्रीमानको थुनाइको बन्धनबाट उम्केर प्रेमी टम बुचानन्को गाडीतर्फ अघि बढनुले टमप्रति उनको प्रेम समर्पण मान्न सकिन्छ । टम, डेजी र गेट्स्बीद्वारा आयोजित विभिन्न पार्टीहरूमा सरिक भई रक्सी पिएर असन्तुलित भई अवान्छित क्रियाकलाप देखाउने महिलाहरूले आधुनिक छाडा संस्कृतिको प्रतिविम्ब दिन्छ ।

**गेट्स्बीको दुखान्त हिरोइजम्:**

उपन्यासकार स्कट फिजराल्डले गेट्स्बीलाई केही कमजोरीका बाबजुद हिरोको रूपमा उभ्याएका छन् । आर्मीको जागिरमार्फत् राष्ट्र सेवामा लागेका गेट्स्बी राष्ट्र सेवककोहैसियतमा र लुइभिलबाट डेजी प्रेमिकालाई छोडेर समुद्र पार सरुवा हुँदा सहानुभूति पाउने ठाउँ छ । उनको असल पक्ष चरित्रमा देखिन्छ जबकि उनले डेजी बाहेक अन्य केटीलाई प्रेम गरेका छैनन् । उनको प्रेमिका डेजी टम बुचानन्सँग पोइल गएपछि पनि निक क्याराबे, जोर्डन वेकर आदिमार्फत् पुनर्मिलन गराई माग्नु डेजीप्रतिकै सच्चा प्रेम हो । त्यति मात्र होइन गेट्स्बीले तमाम पार्टीको आयोजना गर्नुको मुख्य उद्देश्य डेजीको प्रेमलाई पुनः प्राप्त गर्नु नै हो । उनी डेजीप्रति निकै चिन्तित हुनु भावनात्मक प्रेमको जिकिर हो । यद्यपी डेजीले भने उनलाई प्रेम खेलमा भुलाएको मात्र रहेछ ।

गेट्स्बी निकै सिर्जनशिल, ट्यालेन्ट र विचारशिल देखिन्छन् । प्रेम मामला सफल बनाउनको निम्ति उनको ट्रिक, चतुऱ्याईं र योजनाहरूले यसको पुष्टि गर्दछ । डेजीसँगको यहि प्रेम खेल नै उनको जीवनको अभिषाप बन्दछ । उनले धेरै भोज पार्टीहरूको आयोजना गर्नु र ठूलो धन राशी खर्च गर्नुले फजुल खर्चालुको रूपमा टिप्पणी गर्न मिल्दछ । यस मामलामा निक करावेको साथ र सहयोग उनको लागि सकारात्मक पक्ष थियो ।

गेट्स्बी पनि आधुनिक बुर्जुवा पुँजीवादी ढर्रा र अमेरिकन ड्रीमको सिकार भएका छन् । यसको दूषित हावाको र दूषित जमिनको प्रभाव उनमा पर्नु स्वाभाविक थियो जसले गर्दा उनी देखावटी, तडकभडक, हाइफाइ र भौतिक सम्पन्नताको लालची प्रवृत्तिबाट निष्प्रभावित हुन सकेनन् । डेजीलाई आफ्नो घर, कोठा, आधुनिक सामग्री, महंगो कपडाहरू आदि देखाएर प्रभावमा लिनु सोही प्रवृत्तिको उपज हो । यहि भौतिक सांसारिक आनन्दको भ्रममार्फत् उनी रोमान्टिक लाइफमा व्यस्त छन् । यहाँनिर अमेरिकन ड्रीम आर्जनको क्रममा उनको कमजोरी भेटिन्छ । दन कडी जस्ता अरबपति पानीजहाज मालिकको पाँच वर्षे स्कुलिङबाट उनले धनसम्पत्तिकै समृद्धिको उपाय सिके । मेयर वल्फ्सीमजस्ता आपराधिक, ग्याङ्गस्टार र स्वार्थी व्यक्तिको संगतले उनले भ्रष्ट ढंगले धन कमाएको पुष्टि हुन्छ ।

डेजीकै प्रेम विश्वासको रिसर्चार्थ बुचानन्हरूको संगत गर्नु, न्युयोर्कतर्फ पार्टीको लागि यात्रा गर्नु र आफ्नो कार डेजीलाई चलाउन दिएर मिर्टलको दुर्घटना हुनु नै गेट्स्बीको जीवनको दुर्दशा थियो । डेजीले नै प्रेमको नाममा खेलाउनु र डेजीले नै उनको कार दुर्घटना गराएर मिर्टलको हत्या गर्नु नै उनको मृत्युको मार्ग बन्यो । मिर्टलको हत्यारा दोषी डेजीलाई केही नगरी जर्ज विल्सन (मिर्टलको श्रीमान) ले निर्दोष गेट्स्बीलाई बदलास्वरुप गोली हानेर हत्या गर्नु गेट्स्बीको निम्ति सबैभन्दा सहानुभूति प्राप्य छ । जब उनको जीवन समाप्त हुन्छ, सँगसँगै अमेरिकन ड्रीम असफल हुन्छ । गेट्स्बीले नत डेजी श्रीमतीको रुपमा प्राप्त गरे, नत खुशी किन्न सके, नत उनले अमेरिकन ड्रीम नै खरीद गर्न सफल भए ! बरु आशाको कठीन यात्रामा संघर्ष गर्दा गर्दै जीवनबाटै बिदा लिन पऱ्यो । यसर्थ गेट्स्बी असफल अमेरिकन ड्रीमको दुःखान्त हिरो भएका छन् । गेट्स्बी मिथिकल पात्रको हैसियतमा स्थापित छन् । अमेरिकन रोमान्टिक हिरोको व्यक्तिकरण गरेका छन्, उनले ।

**अन्तमा :**

थोमस जेफर्सनको दर्शन जीवन, स्वतन्त्रता र आनन्दको खोजीको मार्गमा अमेरिकन देखाइएको छ । नयाँ-नयाँ स्थानमा काम, पेशा, व्यापार र सुखको खोजीस्वरुप निक मिड वेस्ट जन्मस्थल छोडेर वेस्ट एगतर्फ गएका छन् । यद्यपि उनी गेट्स्बीको मृत्युपछि आफ्नै भूमि फर्किए । त्यस्तै वस्ट एग र ईष्ट एगवासीहरूको संस्कार-संस्कृतिमा पृथकता देखाइएको छ । वस्ट एग नवधनाढ्य र बुर्जुवाहरूको अकुपाइ थलो अर्थात नव विकसित शहर बनेको छ भने इष्ट एग पुरानो धनाढ्यहरूको बसोबास स्थल हो ।

उपन्यासकार फिजराल्डले ती बासिन्दास्थित स्थललाई वस्टल्याण्ड, मतलव दुषित भूमिको संज्ञा दिएका छन् । जहाँ आधुनिक धनाढ्यहरू भ्रष्ट, पतित, स्वार्थी, धुर्त र आपराधिक र निकृष्ट हुनाले वस्टल्याण्ड संज्ञा सार्थक बन्न पुगेको छ । ठिक त्यहि सार्थकतामा भ्याली अफ आसेश माने खरानीको उपत्यकाको संकेत गरिएको छ । यसको मतलव शहरीकरण, औद्योगिकीकरण कथित सभ्यता र आधुनिकीकरण तथा भौतिक विकासले प्राकृतिक भूमि र सुन्दरताको नष्ट, आध्यात्मिक तथा धार्मिक पतन र सांस्कृतिक, सामाजिक, आर्थिक आदि भ्रष्टताको संघम छ । डा. एकलवर्गको आँखाको विज्ञापनले पैसा आर्जनको विज्ञापनले आक्रान्त शहर जनाउँछ । आँखिर सबै चिजको साशक, रेगुलेटर र चापी नै पुँजीवादी धन सम्पति हुँदोरहेछ । उपन्यासमा जति घट्ना, परिघटना, सुखान्त र दुखान्तहरु छन्, ती सबै पुँजीवादकै शक्तिमा रिंगेको छ ।

## कविता

### तिम्रा जोर आँखालाई परेवा–सलाम

भूपाल राई

म आफ्नो पुरानो खेतीबाट
विश्रामको अनुमति खोजिरहेथेँ
एक्कासि तिम्रा आँखाबाट
एक जोर प्रहेलिका परेवा
पखेटा फटफटाएर
मलाई ठुङ्न निस्कँदा
म त दुखेर आहाल भएछु
मेरो स्वाधीनताको डिलमा उभिएर
मेरै छातीको तरङ्गसँग खेल्छौ भने
पर्ख, तिम्रो हातमा म एउटा बल्छी राखिदिन्छु ।
यतिखेर तिम्रोर मेरो हातमा
विश्वासको एउटा बम परीक्षणमा छ
मान्छे पछार्न सक्ने त्यो पुरानो चमत्कारसँग
खेल्न जानिएन भने
तिम्रो हातबाट चिप्लिएर
मेरै थाप्लोमा गिर्न सक्छ
र मेरो घातबाट उठेको धूवाँले
तिमीलाई पनि पिर्न सक्छ
फुकाइदेऊ त्यो चमत्कारी गाँठो
अब मेरै हातमा
हत्केलाभरि प्रीतिका जोर परेवा डाकेर
म त्यो बमलाई चारो बनाएर छरिदिन्छु ।
तिम्रा ती जोर आँखालाईपरेवा-सलाम ।
एक दिन तिम्रो अँगालोभरि
परेवाको बथान थमाएर
म आफूलाई सबभन्दा धनी मान्छे सावित गर्दै
अन्तर्ध्यान हुनेछु
त्यो दिन तिमी भन्नेछौं–
"यो मान्छे साँच्ची नै अभेक र अक्करहरूमा
हृदयको झोलुङ्गे टाङ्दो रैंछ यो मान्छे
परेवाको सलाम चढाउँदो रैंछ ।"

### यस धर्तीको पानीमा

विजय मल्ल

एक अञ्जुली पानी
उठाएर ओठसम्मन्
जब जब लान्छु बागमतीको
अकस्मात् बज्र गिरेझैं आकाशबाट
या नजिकैबाट कसैले
फू गरेर मन्त्र फुकेझैं,
या छली रामले बालीलाई हानेझैं वाण
या शकुन्तलालाई दिएझैं श्राप दुर्वासाले
परिवर्तित हुन्छ त्यो पानी
रातो बाफिलो रक्तमा !
तप्कन्छ यही औंलाको काप कापबाट
त्यही रक्त विस्तारै धरतीमा ।
म तिर्खाएको तिर्खायै,
शुष्क कण्ठ यस्सो उचाली
आकाशतिर ताक्तछु
फगत आकाशतिर ताक्तछु,
अभिशप्त, विवश, व्याकुल ।
किन आकाशका ताराहरू
हेर्दैनन् अहिले अनुहार आफ्नो
यस धरतीको पानीमा ?
किन नारसिस हुँदैन मोहित
आफ्नो छायाँको सौन्दर्यमा ?
के भो यस धरतीको पानीमा
अचानक यस बीसौं शताब्दीमा ?
म खोज्दै खोज्दै पुग्दछु,
विक्षिप्त पागलझैं
पृथ्वीका सारा नदीहरूमा–
गङ्गा, भोल्गा, ह्वाँग-हो
मिसिसिपी, अम्याजाँ, नाइल,
जतातते बदलिन्छ पानी,
अकस्मात् रक्तमा !
मानौं चन्द्रावतीले सराप पाएझैं !
तिर्खाएको तिर्खायै
पानी खोज्दै छु यस बीसौं शताब्दीमा
म विष पिएझैं एउटा मानिस
अभिशप्त, विवश, व्याकुल ।
गुलाफको फूलमा अहिले
किन बारुदको गन्ध आउँछ ?
अङ्कमालमा मुटु किन,
बोल्दछ बमको आवाजझैं
किन हरेक झाँग झाँगबाट
चितुवा लुकेझैं शङ्का चिच्याउँछ ?
हरेक क्षण किन त्रास ओसारिएर
यस धरतीमा लहराउँछ ?
के भो यस धरतीको पानीमा ?
बाघले मृगलाई मार्दै पछारेझैं
नदीका किनार किनारमा,
रगत त्यसैको मुछिई बगेझैं,
किन रातोपन छ यस पानीमा ?
कुनै सुनकेशरी मैयाँ नुहाउँदिनन् अब
यस बीसौं शताब्दीको जलमा ।
बगरेखानाबाट धारो छुटेझैं
के सारा नदीका मुहान भए रक्तरञ्जित ?
म तिर्खाएको तिर्खायै,
शुष्क कण्ठ यस्सो उचाली, आकाशतिर ताक्तछु
फगत आकाशतिर ताक्तछु अभिशप्त, विवश, व्याकुल !
के भो आज यस धरतीको पानीमा
अचानक यस व्यापक महान्
बीसौं शताब्दीमा ?

# नवउदारवादी भुलभुलैयामा रुमल्लिरहेको नेपाली राजनीति– १



लक्ष्मण श्रेष्ठ

भन्न मन लाग्छ भने भन मलाई
स्वदेशनिन्दक वा घृणाचिन्तक
तर यो देश तिम्रो जत्तिकै मेरो पनि देश हो
अंशैबण्डा गर्ने हो भने पनि यो देशका एक करोड
टुक्राहरुमध्ये एउटा टुक्रामाथि
मेरो पनि छाप्रो हुनेछ
र यो देशको असंख्य बगरहरुमध्ये एउटा बगरमाथि
मेरो पनि चिता हुनेछ'
- भूपी शेरचन, यो हल्लै हल्लाको देश हो

यो दुविधाको समय हो । संक्रमणकालीन समय दुविधा र अलमलहरुले नै भरिएको हुन्छ । सतत बहने नदी शान्त हुन्छ, गति त छाँगोमा हुन्छ । सरल समय पनि विधि र प्रक्रियाहरुको किनारैकिनार हुँदै अघि बढिरहेको हुन्छ । नियमका अनेकौं पोथ्रा पल्टाएर निर्णय गर्न सजिलो हुने भएकाले नियत नबिग्रिँदासम्म सरल समयमा अलमलहरु खासै हुँदैनन् । गति फेरिन थालेपछि न हो अलमल पनि शुरु हुने । सतहमा देखिने दुविधाको अन्तर्य चाहिँ शक्ति संघर्ष हो । परिचित र अपरिचित, पुराना र नयाँ शक्तिहरु आफ्नो अस्तित्व र वर्चस्वका लागि निरन्तर जुधिरहेका हुन्छन् । अहिले नेपालमा त्यस्तै भइरहेको छ ।

भदौरे भेलसरी एक्कासी आएको एउटा हुरीले यथास्थितीलाई बढारिदिएको छ । वर्षौंदेखि ढाकिएर बसेका अन्तर्यका दृश्यहरु एकाएक सतहमा आएका छन् । हुरीपछि खलबलिएको दृश्यको तस्वीर खिच्न त सकिएला तर अर्थ लगाउन सजिलो हुँदैन । सामाजिक-राजनीतिक हुरीले सिर्जना गरेको छितरिएको दृश्य त झनै दुर्बोध्य हुँदोरहेछ । यो लेख भने त्यही दुर्बोध्य पहेली फुकाउने प्रयत्न हो । ठम्याईहरु यहाँ पस्किएका छन् सकेसम्म त्यसका तथ्यगत आधारको हाँगो टेक्ने प्रयास गर्दै । म्याक्स वेबरले गरेको व्याख्या (erklaren) र बोध (verstehen)को वर्गीकरणलाई पछ्याउँदै मैले बोधको अभिव्यक्ति गर्ने प्रयास गरेको छु । तर, अलमलिएको समयमा बोध पनि स्पष्ट नहुँदो रहेछ न त अभिव्यक्ति नै संरचनाबद्ध । त्यसैले यो लेख अलि असंगठित हुनपुगेको छ । हरेक उपशीर्षकले बेग्लाबेग्लै प्रश्न निरुपण गर्ने प्रयत्न गरेका छन् । वर्षामा बहकिएको नदीजस्तो कहिले यता र कहिले उता हिँड्दै निष्कर्षसम्म पुग्ने कोशिशलाई विद्वत पाठकले डोहो नकोरिएको यात्रामा हिँडेको यात्रीको कठिनाइका रुपमा बुझ्नुहुने नै छ ।

यो लेखमा मैले मूलतः पाँचवटा प्रयत्न गरेको छु । पहिलो, २०८२ भदौ २३ र २४ मा भएको उथलपुथललाई परिभाषाको खोज्ने; दोस्रो, त्यस घटनाको मूल अर्थ-राजनीतिक कारणको बुझ्ने; तेस्रो, भदौरे उथलपुथलको मूल कर्ताका रुपमा देखिएका 'जेनजी'को मूल चरित्र पहिल्याउने; चौथो, नेपाली राजनीतिको लोकतान्त्रिकरणमा चुकेका पक्षहरु उजागर गर्ने र वर्तमान राजनीतिक यात्राको भविष्य अनुमान गर्ने । पहिलो प्रयत्नका क्रममा भदौरे उथलुपुथललाई मैले तीन चरणमा बाँडेको छु- आक्रोशको अभिव्यक्तिका रुपमा प्रदर्शन, हत्या र सुनियोजित विध्वंस । आक्रोशको मूल कारण भने नवउदारवादी नीतिहरुको दुष्परिणाम हो जसको सन्तान हो जेनजी जसलाई नवउदारवादी सन्तान र (अ)सामाजिक सञ्चारकर्ताका रुपमा चिनाउने प्रयत्न दोस्रो र तेस्रो हो । नेपाली समाजमा बढ्दो असमानता, लोकतान्त्रिक अभ्यासको दलीयकरण र आसेपासे पूँजीवादको उदयको संक्षिप्त व्याख्या चौथो प्रयत्न हो । आउँदो मध्यावधि निर्वाचन मूलतः राजनीतिक रुपमा यथास्थितिवादी 'पुराना' र लोकप्रियतावादी 'नयाँ'को प्रतिस्पर्धा हुनेछ तर अर्थ-राजनीतिक सार भने नवउदारवादी नीतिहरुकै निरन्तरता हुनेछ । फलस्वरुप नेपाली राजनीति सारमा नवउदारवादी यथास्थितिकै निरन्तरता हुनेछ जसले निराशाको चक्रिय उत्पादन गरिरहनेछ र त्यो निराशा दक्षिणपन्थका लागि उर्वर भूमी हुने जोखिम हुनेछ भन्ने आकलन यो लेखको अन्तिम प्रयत्न हो ।

**शब्द बहस**

इतिहासको विशेषता हो - जतिसुकै अभूतपूर्व घटना भए पनि त्यससँग मिल्दाजुल्दा घटनाहरु विगतका पानामा भेटिन्छन् । वर्तमानको सीमा हो - सबै सत्य चाहिएको बेलामा वा तत्तक्षण दृष्टिगोचर हुँदैनन् । त्यसैले आगत सधैँ अनुमानको विषय बन्छ । इतिहासकारहरु विगतमा भएका घटना जतिसक्दो सही र तथ्यसंगत वर्णन गर्ने प्रयत्न गर्छन् । इतिहासका अध्येता भने आ-आफ्नो रुची अनुसारका मिल्दाजुल्दा विगत खोजेर आगतको अनुमान गर्ने प्रयत्न गर्छन् । राजनीतिशास्त्रका विद्यार्थीका लागि भने वर्तमान बुझ्ने र आगतको अनुमान गर्न सघाउने औजार हो इतिहास । २०८२ भदौ २३ र २४ गते भएका घटनाको विश्लेषणका लागि विगतका मिल्दाजुल्दा घटना खोज्नुपर्ने हुन्छ (दुई दिनमा भएका सबै परिघटनालाई सजिलोका लागि भदौरे उथलपुथल भनिएको छ) । यहाँनेर आन्दोलन, क्रान्ति र अचानक हुने विद्रोह वा विप्लवबीचको फरक छुट्याउनुपर्छ । र, राजनीतिको अर्को सत्य हो, जतिसुकै अचानक भएको देखिए पनि हरेक घटनाको पछाडि योजना हुन्छ । त्यो आकस्मिक जस्तो देखिन्छ भने त्यस्तै देखाउने योजना बनाइएको हुन्छ ।

आन्दोलन र क्रान्तिको साझा विशेषता हुन्छ - यी निश्चित परिकल्पनाबाट शुरु हुन्छन् । तिनको गतिका लागि असन्तोषहरु उपयोग गरिए पनि र यात्राका क्रममा तिनले अनेकौं घुम्तिहरुमा दिशा बदले पनि काल्पनिकी बिना राजनीतिक आन्दोलन वा क्रान्ति शुरु हुँदैनन् । आन्दोलनको काल्पनिकी क्षणिक र प्रभावका हिसाबले तुलनात्मक रुपमा लघु हुन्छ भने क्रान्तिको काल्पनिकी आमूल रुपान्तरणकारी हुन्छ र प्रभाव दीर्घकालीन । अमेरिकी पत्रकार जोन रिडले 'ह्वेन टेन डेज सुक द वर्ल्ड' (संसार हल्लाउने दश दिन) शीर्षकमा पुस्तक नै लेखेर चर्चित बनाए पनि सन् १९१७ अक्टोबरको रुसी क्रान्तिको काल्पनिकीको बहस १८९० का दशकहरुबाट शुरु भएको पाइन्छ । फ्रान्सेली क्रान्तिको इतिहास अझ लामो छ । नेपालको सात सालको क्रान्तिको काल्पनिकीको सबैभन्दा पछिल्लो भ्रुणलाई समात्ने हो पनि सन् १९२० को दशकबाट बिजारोपण हुन थालेको पाइन्छ । ०६२/६३ को जनआन्दोलनको काल्पनिकीको एउटा हाँगो माओवादी आन्दोलन थियो । सशस्त्र संघर्ष त नेपालमा कम्युनिष्ट आन्दोलनको शुरुदेखिकै बहस थियो । माओवादी सशस्त्र संघर्षले बिस्तारै अंगाल्दै गएको जातिय स्वायत्तताको नाराले राज्यः पुनसंरचनासम्म पुग्न संसदीय सात दललाई बाध्य पारेको थियो । अनि सात दलको शुरुदेखिको काल्पनिकी संसदीय अभ्यासको निरन्तरता थियो । त्यसैले बैशाख १२ गते पूर्ण सफलता होइन भनेर विरोध गर्दागर्दै पनि माओवादी गिरिजाप्रसाद कोइराला नेतृत्वको अन्तरिम सरकारसँग वार्ता गर्न र अन्तरिम संविधान निर्माणमा सहभागी हुन बाध्य भएको थियो ।

२०८२ भदौ २३ गतेको प्रदर्शन आह्वान गर्दासम्म त्यसको माग मूलतः सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धमा सिमित थियो । मागलाई अलि व्यापक बनाउन पछिमात्रै भ्रष्टाचारको अन्त्य वा सुशासनको मुद्दा समेटिएको थियो । तर, अमुर्त र अस्पष्ट नाराहरुले मानिसलाई सडकमा उतार्दैनन् । सडकमा मानिस उतार्न आवेगको सिर्जना हुनुपर्छ । मानिसलाई पराजय, हीनता र अधुरोपनले आक्रोशित बनाउँछ । त्यो आक्रोशको आगो सल्काएर सडकमा उतार्ने काम 'नेपोकिड्स' ह्यासट्यागमा चलाइएका स-साना भिडिओहरुले गरेका थिए । २३ गते युवाहरुको भीडमाथि गोली चलेपछि भने सिंगो प्रक्रियाले नयाँ मोड लियो । त्यो दिन जसरी गोली चल्यो र जसरी युवाहरु मारिए त्यो नरसंहार थियो । यद्यपी, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली त्यसलाई 'षड्यन्त्र'सँग जोडेर व्याख्या गर्दैछन् तर उनको अक्षमता र तानाशाही शासनकै कारण ती युवा मारिएको चाहिँ सत्य हो, उनको षड्यन्त्र सिद्धान्तलाई सतप्रतिशत नै पत्याउने हो भने पनि । युवाहरुको आलो मृत्युको वेदनामा बडो आवेगमा आएर लेखे पनि यस लेखक त्यही दिन साँझ प्रकाशित लेखमा व्यक्त विचारमा अहिले पनि अडिग छ - परिस्थितिको आँकलन गरेर बेलैमा संवाद र सुरक्षाका उपायहरु अपनाएको भए त्यो भयावह अवस्था आउँदैनथ्यो (L. Shrestha, 2025)। प्रधानमन्त्रीको अशिष्ट टिप्पणी, गृहमन्त्रीको लाचारी र असफल सुरक्षा संयन्त्रका कारण हामी सबै नेपालको लोकतान्त्रिक इतिहासकै सबैभन्दा ठूलो दमनको साक्षी बन्न बाध्य भयौँ । २४ गतेको बिहान शोक र आवेगले भरिएको थियो । मध्याह्नसम्म पुग्दा भने त्यो आवेग नियोजित विध्वंसमा पुग्यो । राजनीतिशास्त्री सीके लालले ठम्याएजस्तै २४ गतेको परिस्थिति 'पूरा तयारीका साथ विध्वंस गर्न उत्रिएका र राम्रोसँग समन्वयित आपराधिक गिरोहहरुको समूहको हातमा पुगिसकेको थियो' (Lal, 2025a) । त्यो विध्वंस अन्ततः सेनाको सक्रियतामा सिर्जित नियन्त्रण, राष्ट्रपतिको धरमराउँदो उपस्थिति, संसद् विघटन र डिस्कोर्ड निर्वाचित प्रधानमन्त्रीमा पुगेर टुंगियो । नबिर्सनुपर्ने पाटो, प्रधानमन्त्री डिस्कोर्ड निर्वाचित भए पनि उनी संसद्को नयाँ निर्वाचन गर्ने जिम्मेवारीसहित छनौट भएकी हुन् ।

भदौरे उथलपुथलका विभिन्न पाटालाई एउटै शब्दले व्यक्त गर्न गाह्रो छ । सहजताका लागि मूलधार दाबी गर्ने मिडियाहरुले 'जेनजी आन्दोलन' वा 'जेनजी विद्रोह' भने पनि यो आन्दोलन वा विद्रोह होइन । समग्र निष्कर्षमा सत्ता परिवर्तन भएको विद्रोह शब्दको प्रयोग केही हदसम्म यथोचित देखिए तापनि त्यसो भन्दा २३ गतेको प्रदर्शनको उत्कर्ष परिणति २४ को विध्वंस र सरकार अनि नयाँ निर्वाचनमा मात्र सिमित हुने खतरा रहिरहन्छ । र, त्यो खतराले २३को प्रदर्शनको अन्तर्यमा रहेका आधारभूत कारणहरुसम्म पुग्ने बाटो खुला गर्दैन ।

समयरेखाका मोडहरुमा सिर्जना हुने नवीन घटनालाई बुझ्ने प्रयत्न त्यसको सही नामाकरणबाट हुन्छ । भदौरे उथलपुथल बुझ्ने प्रक्रियाको शुरुवात पनि सही शब्द छनौटबाट हुन्छ । यी घटनाहरुलाई मूलतः तीन खण्डमा विभाजित गर्न सकिन्छ- भदौ २३ मा गोली चल्नुअघिको सडक प्रदर्शन, गोली काण्ड र २४ गतेको सुनियोजित विध्वंस ।

यी शब्द चयनले थप बहसतिर प्रेरित गर्छन् । भदौ २३ मा भएको राजनीतिक प्रदर्शन कसको र केको अभिव्यक्ति हो ? कसको भन्ने प्रश्नले हामीलाई कर्ताको (एक्टर) खोजी तर्फ डोऱ्याउँछ । केकोले कारकतिर । कर्ताका लागि माध्यम (एजेन्सी) चाहिन्छ । भदौ २३ को प्रदर्शनको एजेन्सीको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यस्तै भदौ २४ को विध्वंसको पृष्ठभूमीमा को थिए भन्ने प्रश्न पेचिलो र जवाफ पाउन कठीन भए पनि आवश्यक छ । यद्यपी कतिपय प्रश्नले निराकरणका लागि उचित समयको माग गर्छन् । विध्वंसको जगमा बनेको सरकार मूलतः चुनावी हो । तर, भदौ २३को प्रदर्शनको प्रकृति र कारणहरुको खोजीले हामीलाई अन्य दिशाप्रति पनि सोच्न बाध्य बनाउँछ ।

**जेनजी : को ? कस्तो ?**

भदौरे उथलपुथलका क्रममा काठमाडौं लगायत नेपालका मुख्य शहरहरुमा जेजे भयो त्यसलाई 'जेनजी'को गतिविधीको रुपमा प्रस्तुत गरिएको छ । अर्थात्, कम्तिमा भदौ २३ का मूल कर्ताहरु जेनजी हुन् । तर, जेनजी (जेनेरेसन जी अर्थात् जी पुस्ता) को हो ? मूलतः 'निल होउ र विलियम स्ट्राअस'ले सन् १९९१ मा प्रकाशित गरेको पुस्तक 'जेनेरेसन्स : द हिस्ट्री अफ् अमेरिकाज फ्युचर, १८५४-२०६९' (पुस्ताहरुः अमेरिकाको भविष्यको इतिहास, १८५४-२०६९)बाट प्रभावित भएर विभिन्न अनुसन्धान संस्था र अनुसन्धाताले गरेको मानव पुस्ताहरुको वर्गीकरण अनुसार सन् १९९७ देखि २०१२ (वि.सं. २०५३ देखि २०६९)सम्म जन्मिएका पुस्ताहरु जेन जी हुन् । यो पुस्तालाई पछिल्लो समय एउटा समरुपी इकाइका (homogeneous entity) रुपमा अभिव्यक्त गर्ने गरेको पाइन्छ । तर कुनै पनि पुस्ता समरुपी इकाइ हुनसक्दैन । एकै कालखण्डमा फरक-फरक देश, स्थान, समुदाय, वर्ग र जातमा जन्मिएका मानिसहरुलाई समान रुपमा अभिव्यक्त गर्नुको खतरा हो, त्यसले त्यो उमेरसमूहको सम्भ्रान्त वर्गको मात्रै प्रतिनिधित्व गर्नसक्छ । अचेल लोकप्रिय 'प्रिय जेनजी' शब्दावलीमा यही खतरा लुकेको छ । आम सञ्चारमाध्यमदेखि शहरकेन्द्रित सार्वजनिक वृत्तमा 'के सोच्दैछ जेनजी ?' जस्ता बहसहरुमा प्रस्तुत हुने जेनजीले सोपानीकृत समाजको माथिल्लो सिँढीलाई नै प्रतिनिधित्व गर्नु यही खतराको अभिव्यक्ति हो ।

कुनै पनि पुस्ताको चरित्र समरुपी नहुने सत्यसँगै अर्को सत्य पनि हो, हरेक पुस्ताको केही न केही साझापन पनि हुन्छ । यो साझापनले केही हदसम्म एकैखालको अचेतन काल्पनिकीको निर्माण गर्छ । त्यो अचेतन काल्पनिकी जीवनस्वप्न र भविष्यदृष्टिसँग जोडिएको हुन्छ । यद्यपी त्यो साझापनको अनुभूति र त्यो अनुभूतिको अभिव्यक्ति भने सामाजिक सोपानमा उसको उपस्थिति अनुसार फरक नै हुन्छ । यो कोणबाट हेर्दा विभिन्न विश्लेषकहरुले गरेजस्तो प्रविधिको उपयोग आधारित विशेषताभन्दा पनि अर्थ-राजनीतिक र बोध निर्माण तथा सञ्चार माध्यमको आधारमा परिभाषित गर्दा उपयुक्त होला । यो विन्दुमा उभिएर हेर्दा जेनजीका मूलतः दुई साझा चरित्र देखिन्छ । एक, उनीहरु नवउदारवादको सन्तान हुन् । र, उनीहरु (अ)सामाजिक सञ्चारकर्ता (communicator) हुन् ।

**नवउदारवादको सन्तान**

नवउदारवादको सन्तान भन्नुको अर्थ नवउदारवादी व्यवस्थाको प्रभुत्व स्थापित भएको व्यवस्थामा जन्मे-हुर्केको हो । कुनै पनि मानिस कस्तो अर्थ-राजनीतिक युगमा बाँचिरहेको छ भन्नेले जीवनप्रतिको उसको वैयक्तिक र सामाजिक काल्पनिकी निर्धारण गर्छ । मार्क्सका शब्दमा 'मानिसको चेतनाले उसको अस्तित्व निर्धारण गर्ने होइन बरु उसको सामाजिक अस्तित्वले उसको चेतना निर्माण गर्छ' (Marx, 2010, p. 21) । मार्क्सले भनेको सामाजिक अस्तित्वले जीवनका भौतिक र मानसिक दुवै आयाम व्यक्त गर्छ । कुनै मानिसले आफ्नो अस्तित्वलाई कसरी बुझेको हुन्छ ? उसले आफूलाई बाँचिरहेको सामाजिक परिवेशमा कसरी उभ्याउँछ ? सुन्दर जीवनबारेका उसका काल्पनिकी कस्ता हुन्छन् ? समाजका अन्य सदस्यसँगको सम्बन्धलाई उसले कसरी बुझ्छ र कसरी व्यक्त गर्छ ? यस्ता प्रश्नहरु सामाजिक जीवनको परिभाषाले समेट्छ ।

'जेन जी'लाई नवउदारवादको सन्तानको प्रस्थापनाले कम्तिमा दुई आयामबाट थप व्याख्याको माग गर्छ । पहिलो, समयरेखाको सन्दर्भमा कसरी यो पुस्तालाई त्यस्तो उपमा दिन सकिन्छ ? दोस्रो, यसका सांस्कृतिक आयामहरु के हुन् ? वा माथि चर्चा गरिएजस्तो नवउदारवादले सिर्जना गर्ने 'सामाजिक अस्तित्व'को चरित्र कस्तो हो ?

**समयरेखामा नवउदारवाद**

नवउदारवादले कसरी नेपाली समाजलाई प्रभावित पारेको छ र 'जेन जी'को सामाजिक चरित्र निर्धारण गर्न भूमिका खेलेको छ भन्ने बुझ्न यसको मूल चरित्र कस्तो हो र यसले कसरी विश्वभर आफ्नो प्रभुत्व स्थापित गऱ्यो भन्ने छलफलमा प्रवेश गर्नुपर्छ । सारमा, नवउदारवादका तीन आयाम छन्ः विचारधारा, शासन प्रणाली र नीतिहरुको संगालो (Steger & Roy, 2010, p. 11) ।

नवउदारवादी विचारधारा खुला बजार पूँजीवादको सिद्धान्तमा आधारित विश्वव्यापी आर्थिक अन्तरनिर्भरताको दाबी गर्छ । जसले विश्वव्यापी व्यापार र वित्तीय बजार; सामान, सेवा र श्रमको विश्वव्यापी प्रवाह, अन्तरदेशीय संस्थानहरु, विदेशी वित्तीय केन्द्रहरु जस्ता अवधारणालाई जोड दिन्छ । यी विचारधारा यत्तिकै समाजमा स्थापित भएका छैनन् । विश्वभर नै ठूला संस्थानहरुका व्यवस्थापक र तिनका पक्षपोषकहरु, पत्रकार र बुद्धिजीवीहरु, जनसम्पर्कका विज्ञहरु र सेलिब्रेटी तथा राजनीतिज्ञहरुजस्ता वैश्विक शक्ति सम्भ्रान्तहरुले नवउदारवाद लागू गराउन दिलोज्यान दिएका छन् ।

नवउदारवादी शासन चाहिँ प्रतिस्पर्धा, वैयक्तिक स्वार्थ र विकेन्द्रीकरणमा आधारित छ । यसले वैयक्तिकता र ससाना स्थानीय इकाइहरुलाई जोड दिन्छ । र, यो शासन प्रणालीको आत्मा हो, स्वनियमित खुला बजार (अर्थशास्त्रको भाषामा अदृश्य हात अर्थात् माग र पूर्तीको समीकरणबाट सञ्चालित) जसको पेटबोली हो, जीवनका हर पाटाहरु बजारले निर्धारण गर्छ राज्यको काम त्यसको चौकीदारी गर्नुमात्रै हो । उदारवादी व्यवस्थाका पक्षपोषक प्रान्सिस फुकुयामा नवउदारवादी राज्यको चरित्र व्याख्या गर्न राज्यको भूमिकालाई दुई भागमा विभक्त गर्छन् - क्षेत्र (scope) र शक्ति (strength) । राज्यका विभिन्न कार्य र उद्देश्यलाई उनी क्षेत्रको रुपमा व्याख्या गर्छन् जस अन्तर्गत सुरक्षादेखि स्वास्थ्य, शिक्षा र जीवनको सुनिश्चिततासम्म पर्छ । नीतिहरुको तर्जुमा र कार्यान्वयन गर्ने राज्यको क्षमतालाई उनी राज्यको शक्तिको रुपमा व्याख्या गर्छन् । उनको वर्गीकरण अनुसार नवउदारवादी राज्यमा बलियो संस्थाहरु हुन्छन् तर कम दायित्व बोकेको हुन्छ (Fukuyama, 2009) । उनीहरुको एउटा मात्रै दायित्व हुन्छ खुला बजार र स्वतन्त्र व्यापारलाई सुनिश्चित गरिरहनु ।

नवउदारवादी नीतिहरुको संगालोलाई 'अ-उ-नी नियम' (D-L-P rule) भन्न सकिन्छ । त्यसको अर्थ हो, अनियमन (Dereuglation) (अर्थतन्त्रको), उदारीकरण (Liberalization) (व्यापार र उद्योगको) र नीजिकरण (Privatization) (राज्यसञ्चालित उद्यमहरुको) (Steger & Roy, 2010, p. 14) । यी नियमहरुको परिणाम हो, ठूला उद्यमीहरुलाई कर छुट, सामाजिक क्षेत्र तथा कल्याणकारी कार्यमा कटौती, कल्याणकारी कार्यको साटो श्रममा आधारित प्रणाली आदि ।

नवउदारवादको सांस्कृतिक असरबारे अध्ययन गरेकी अध्येता जुली ए. विल्सनले यसको विकासक्रमलाई चार चरणमा बाँडेकी छन् । पहिलो चरण हो, सन् १९२० देखि १९५० को सिद्धान्त स्थापनाको । दोस्रो, सन् १९५० देखि १९८० मा भएको संगठन, संस्था निर्माण र ज्ञान उत्पादनको । तेस्रो, सन् १९८० देखि २००० सम्मको संकट व्यवस्थापन र नीति कार्यान्वयनको । चौथो, सन् २००० देखि हालसम्म जसमा हामी नवउदारवादको संकट र अनिश्चितता व्यहोरिरहेछौँ (Wilson, 2018, p. 21) ।

नवउदारवादको सैद्धान्तिक जग हाल्ने काम १९३० दशकको अन्त्यतिर भएको थियो । सन् १९३८ मा वाल्टर लिपम्यानले पेरिसमा एक छलफलको आयोजना गरे । अष्ट्रियन अर्थशास्त्रीहरु फ्रेडरिख हायक, लुडविग वोन मिसेस, फ्रान्सेली बौद्धिक लुइस रोइजीयर र ज्याक रुफ, जर्मन अर्थशास्त्रीहरु अलेक्ज्याण्डर रुस्टो र विल्हेम रोप्के लगायतका २६ जना उदारवादी बौद्धिकहरुको त्यही छलफलले नै 'नवउदारवाद' शब्द निर्माण गऱ्यो । निजी सम्पत्ति रक्षा र बजार स्वतन्त्रताका लागि राज्यको भूमिका कम हुनुपर्छ भन्ने परम्परागत मान्यता विपरीत बजार स्वतन्त्रताका लागि राज्यले हस्तक्षेपकारी भूमिका खेल्नुपर्छ भन्ने मान्यतालाई नवउदारवाद भनिएको थियो । यही नै नवउदारवादको सैद्धान्तिक जग थियो । दोस्रो विश्वयुद्ध र महामन्दीका कारण यो सिद्धान्तले त्यतिवेला नीतिगत स्थान भने पाएन (Wilson, 2018, p. 27) ।

दोस्रो विश्वयुद्धको अन्त्यसम्म आइपुग्दा पश्चिमा उदारवादी जगत गम्भीर संकटमा थियो । एकातिर महामन्दीका असरहरुको सामना गर्नुपर्ने थियो भने अर्कोतिर युद्धका ध्वंसहरुबाट पुनःनिर्माण गर्नुपर्ने थियो । त्यही समयमा उदाएको सोभियत संघ उदारवादी व्यवस्थाका लागि चुनौती बनिरहेको थियो जसबाट पश्चिमा जगतलाई जोगाएर आफ्नो पोल्टामा ल्याउनुपर्ने बाध्यतामा संयुक्त राज्य अमेरिका थियो । यो पृष्ठभूमिमा उदारवादभित्रै वैयक्तिक स्वतन्त्रता (खासगरी नीजि सम्पत्ति र खुला बजार)का पक्षपोषक र आमजनताले प्रयोग गर्ने सामग्री र सेवामा सरकारको भूमिकाका पक्षपोषकहरुबीच वैचारिक टकराव भइरहेथ्यो । यो टकरावले किन्सजस्ता लोककल्याणकारी चिन्तकहरुको जन्म गरायो । बजारमा मागको सिर्जना गर्ने हो भने उपभोक्ताको खर्च गर्ने क्षमता बढाउनुपर्छ, खर्च गर्ने उपभोक्ता बढाउन राज्यले रोजगारीको सिर्जना गर्नुपर्छ भन्ने किन्सको अवधारणाकै जगमा लोककल्याणकारी राज्य निर्माणको क्रम शुरु भयो ९क्तभनभच ७ च्यथ, द्दण्ज्ञण, उउ। छ-ट० । जसका लागि युद्धप्रभावित तथा अविकसित अर्थतन्त्रको सुधार गर्ने उद्देश्यले ब्रिटन उड समझदारीहरुमा टेकेर अन्तर्राष्ट्रिय मुद्रा कोष, ग्याट लगायतका संस्थाहरुको माध्यमबाट नयाँ विश्व व्यवस्थाको निर्माण गरियो । अमेरिकी डलरको सुनसँगको सटहीमा आधारित स्थिर मुद्रा परिवर्तन दरले स्थापित गरेको स्वतन्त्र व्यापारलाई प्रवर्द्धन गरियो । यो क्रममा पूँजी र श्रमबीच 'वर्ग सम्झौता' भयो जसले विभिन्न प्रकारका लोककल्याणकारी प्रणालीहरुलाई कार्यान्वयनमा ल्यायो । यस्तो खालको अर्थ-राजनीतिक परिपाटीलाई सम्मिलित उदारवाद (embedded liberalism) भनियो जहाँ बजारलाई सामाजिक र राजनीतिक सीमाहरुले घेरिरहेका थिए । यो सम्मिलित उदारवादले सन् १९५० र १९६० को दशकमा धनी पूँजीवादी देशहरुमा उच्च दरको आर्थिक वृद्धि सिर्जना गऱ्यो (Harvey, 2005, pp. 10–12) ।

सन् १९६०को दशकको अन्त्यतिर आइपुग्दासम्म यो सम्मिलित उदारवादले अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै आयामबाट संकटहरु व्यहोर्न शुरु गरिसकेको थियो । बिस्तारै उदारवादी व्यवस्थाले अर्कै बाटो समात्न थाल्यो । सन् १९७१ मै ब्रिटन उड सम्झौताले तय गरेको सुनको मुल्यमा आधारित स्थिर मुद्रा सटही दरको मान्यता खारेज गरियो र यो घटबट हुन थाल्यो । सन् १९७३ मा ओपेक देशहरुले तेलको मुल्यवृद्धि गरेपछि त एकाएक सिंगो अर्थतन्त्रमा खलबल भयो । यही समयमा बेलायतमा थ्याचर र अमेरिकामा रोनल्ड रेगनको शासन शुरु भयो जसले नवउदारवादी नीतिहरुलाई कार्यान्वयनमा ल्याए । सन् १९८९ को वासिङ्टन कन्सेन्ससले नवउदारवादको नीतिगत सिद्धान्त तर्जुमा गऱ्यो ।

नवउदारवादको तेस्रो चरण भने साँच्चै नै प्रभुत्वको समयावधी बन्नपुग्यो । सन् १९९१ मा सोभियत संघको पतन र कम्युनिष्ट चीनको द्रुत गतिमा भइरहेको बजारकेन्द्रित सुधारले सन् १९९०को दशकमा नवउदारवादी अर्थतन्त्रको प्रभुत्व स्थापना गर्न सघायो (Steger & Roy, 2010, p. 10)। स्यामुअल हन्टिङटनको भाषामा लोकतान्त्रिकरणको तेस्रो लहरबाट गुज्रेका देशहरुले सन् १९५० को दशकमा जस्तो उदारीकरणका विकल्पहरुमाथि बहस गर्ने मौका नै पाएनन् । नवउदारवादको आँधीले भर्खरै नयाँ व्यवस्थातिर गइरहेका देशहरुलाई सोहोरेर आफूसँगै लग्यो । यद्यपी एक्काइसौँ शताब्दीको शुरुवात नै नवउदारवादी व्यवस्थामाथिको प्रश्नबाट शुरु भयो । नवउदारवाद र विश्वव्यापीकरण एकै सिक्काका दुई पाटा हुन् । सन् २००१ सेप्टेम्बर ११ मा भएको आतंकवादी हमला र त्यससँगै जर्ज डब्लु बुसले शुरु गरेको आतंकवादविरोधी युद्धले विश्वव्यापीकरणका जोखिमहरु उद्घाटन गरे । सन् २००८ को आर्थिक महामन्दीले नवउदारवादका संकटहरु पुनः सतहमा ल्यायो । यही समयदेखि द्रुत भएको चीनको उदयले उदारवादी केन्द्रलाई धक्का दिन थाल्यो भने डोनाल्ड ट्रम्पजस्ता दक्षिणपन्थी संरक्षकत्ववादी (protectionist) हरुको उभारले नवउदारवादी मान्यता जन्मभूमीमै संकटमा पर्न शुरु भएको छ । हामी बाँचिरहेको युग नवउदारवादका संकटहरुको युग हो ।

तालिकाः नवउदारवादी प्रभुत्वको उदय

समय घटनाक्रम

पहिलो चरण (सन् १९२०-१९५०) : सैद्धान्तिक नवप्रवर्तन

१९२० दशक महामन्दी र उदारवादमा संकट

१९३० दशक लोककल्याणकारी राज्यहरुको उदय (सन् १९३३-१९३८)

१९३८ लिपम्यान सम्मेलन

१९४० दशक ब्रिटन उड सम्मेलन (अन्तर्राष्ट्रिय मुद्रा कोषको स्थापना) र सम्मिलित उदारवाद (embedded liberalism)को स्थापना (१९४४)

दोस्रो चरण (सन् १९५०-१९८०) : संगठन, संस्था निर्माण र ज्ञान उत्पादन

१९५० र १९६० दशक पश्चिमा जगतमा मौलिक अधिकारको आन्दोलनको युग (सन् १९५४-१९६८)

१९७० दशक - आर्थिक मन्दी र सन् १९७३ र १९७९ को तेल संकट

- नवउदारवादी नेताहरुको उदय । बेलायतमा मार्गरेट थ्याचर निर्वाचित (१९७९) र संरा अमेरिकामा रोनल्ड रेगन निर्वाचित (१९८०) ।

तेस्रो चरण (१९८०-२०००) : संकट व्यवस्थापन र नीति कार्यान्वयन

१९९० दशक विश्वव्यापी खुला व्यापार । बजारको उदारीकरण ।

१९८९ - शीतयुद्ध अन्त्य ।

- वासिङटन कन्सेन्सस

१९९३ युरोपियन युनियनको स्थापना

१९९५ विश्व व्यापार संगठन (डब्लुटीओ)को स्थापना

चौथो चरण (सन् २००० पछि): संकट र अनिश्चितता

२००० दशक - सेप्टेम्बर ११ को घटना र आतंकवादविरोधी युद्ध

- २००८को महामन्दी

२०१० दशक - डोनाल्ड ट्रम्प लगायत दक्षिणपन्थीहरुको उदय ।

(Wilson, 2018, p. 35)

नवउदारवादको तेस्रो चरणमा नेपाल यो यात्रामा सम्मिलित भएको हो । नवउदारवादको सबैभन्दा बलियो अस्त्र हो, संरचनागत समायोजन कार्यक्रम (Structural Adjustment Programme) जसले अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंकजस्ता नवउदारवादी ज्यावलहरुको ऋण सहयोग लिन उनीहरुसँग मिल्ने गरी नीति समायोजनमा जोड दिन्छ । अर्थशास्त्री हरि रोका लेख्छन्, 'सन् १९८५ देखि संरचनागत समायोजन ऋण लिने राष्ट्रको नाताले नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका सर्तहरु पालना गर्दै संरचनागत समायोजन कार्यक्रम नीतिगत रुपमा अवलम्बन गऱ्यो । यो नीति अवलम्बन गरिसकेपछि आन्तरिक रुपमा उदारीकरणबाट राहत घटाउने, अप्रत्यक्ष करलाई बढाउने, अशक्तहरुलाई दिइने ऋणमाफीलाई स्वतन्त्र व्यापारको माध्यमबाट अरु बढी जोड्ने र तेस्रो, दुरुपयोगका कारण रुग्ण भएका राजकीय उद्यमहरुलाई निजीकरणतर्फ धकेलेर निजी क्षेत्रको अर्थतन्त्रलाई उकास्ने कामलाई नीतिगत रुपमा अगाडि बढाइयो' (Roka, 2004, p. 172) ।

सन् १९९१ मा बहुदलीय व्यवस्थामा गएपछि नवउदारवादतर्फको यात्राले अझ गति पायो । सन् १९९२ बाट नेपालमा दोस्रो चरणको नवउदारीकरण शुरु भयो । यो मोड भने निकै पेचिलो बन्न पुग्यो । राज्यसञ्चालित उद्योगहरुको एकपछि अर्कोगरी नीजिकरण भयो । विश्व व्यापार संगठनको सदस्य बनेपछि नेपालले पाउँदै आएको सहुलियत पनि गुमाएर खुला बजारको प्रतिस्पर्धी बन्नुपऱ्यो । फलस्वरुप जनसंख्याको ठूलो हिस्सा बेरोजगार बन्नपुग्यो (नवउदारवादले कसरी बेरोजगारी र अनिश्चतता जन्मायो भन्ने एउटा उदाहरणीय अध्ययन हो, मल्लिका शाक्यकृत 'द डेथ अफ इन्डस्ट्री')। सन् १९९७ मा जेनजी जन्मिँदै गर्दा नेपालमा नवउदारवादी नीतिहरुले जरो गाडिसकेका थिए । जसको प्रत्यक्ष असर शिक्षा, स्वास्थ्य र रोजगारीमा थियो । यसरी पनि भन्न सकिन्छ, जेन जीको जन्म र हुर्काइ नै नवउदारवादी भुलभुलैया (Neoliberal labyrinth) मा भयो । यो भुलभुलैयाको यात्रा भने कक्षाकोठाबाट शुरु भयो । वि. सं. २०५० को दशकमा विद्यालय शिक्षा पूरा गर्दै गरेका नाइन्टिज् किड्स नवउदारवाद लागू हुँदै गरेको समयका बालबालिका थिए जसमध्ये सरकारी विद्यालय पढ्नेहरुले समाजका मध्यमवर्गीय र निम्नमध्यमवर्गीय दुवैसँग संगत गरे । तर, २०६० को दशकको शुरुतिर विद्यालय जान थालेका जेन जीका लागि कक्षाकोठाको तस्वीर निकै वर्गीय हुन थालिसकेको थियो । उच्च र उच्चमध्यम वर्गीयहरु शहरका महंगा निजी विद्यालयका विद्यार्थी बने । मध्यमवर्गीयहरु बजार र गाउँका निजी बोर्डिङका विद्यार्थी त निम्नमध्यमवर्गीय र गरीबहरु सरकारी विद्यालयका विद्यार्थी बने । यसमा हाम्रो समाजको जातव्यवस्थाले पनि भूमिका खेल्यो । सरकारी विद्यालय सिमान्तकृत र दलितको स्कुल बने (नवउदारवादी शिक्षा व्यवस्थाले कसरी विद्यालयहरुको वर्गीयकरण गरेको छ भन्ने व्याख्या गर्न बेग्लै लेख लेख्नुपर्ने हुन्छ) ।

सार हो, नवउदारवादको समयरेखाको अध्ययनले हामीलाई जेन जी नवउदारवादी भुलभुलैयामा अलमलिएको पुस्ताका रुपमा चिनाउँछ । त्यसोभए यो पुस्ताले ग्रहण गरेको सामाजिक जीवन कस्तो हो त ? उसका काल्पनिकीहरु कस्ता हुन् त ? त्यसबारे छलफल गर्न नवउदारवादका सामाजिक र सांस्कृतिक प्रभावबारे घोत्लिनुपर्छ । (क्रमश...)

(साभारः 'वामपन्थ' पूर्णांक ९)

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**म्याग्दीको गुर्जागाउँः**

म्याग्दीको धवलागिरि गाउँपालिका-१ स्थित गुर्जागाउँ। १ सय ४२ घर परिवारको बसोबास गरेको यो गाउँलाई छन्त्याल जातिको जीवन, सभ्यता र संस्कृति चिहाउन सकिने आँखीझ्याल भनेर चिनिन्छ। तस्विर : ध्रुवसागर शर्मा / रासस

# महिला र बालबालिकामाथि हुने हिंसा अन्त्य गर्न स्पष्ट कानुन बनाउनुपर्नेमा जोड



बुटवल । रुपन्देहीका विभिन्न पालिकाहरुमा महिला तथा बालबालिकाविरुद्ध हुने हिंसा अन्त्यका लागि नीतिगत रुपमा भएका पहल तथा काम कारबाहीबारे सञ्चारकर्मी र सरोकारवालाई जानकारी गराइएको छ ।

महिला तथा बालबालिकाविरुद्ध हुने हिंसा अन्त्यका लागि काम गर्दै आएको महिला कानुन र विकास मञ्च (एफडब्लुएलडी) तथा सिर्जनशिल संस्था नेपाल (सिन)को आयोजनमा पत्रकारहरुसँग छलफल गरिएको हो ।

एफडब्लुएलडी र सिनले रुपन्देहीका तिलोत्तमा नगरपालिकासँगै ओमसतिया, कञ्चन र शुद्धोधन गाउँपालिकासँग मिलेर महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्यका लागि विभिन्न अभियान सञ्चालन गर्दै आएको छ ।

कार्यक्रममा बोल्दै एफडब्लु एलडीका कार्यकारी निर्देशक सविन श्रेष्ठले पालिकाहरुलाई महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्यका लागि विभिन्न कानुन तथा आचारसंहिता निर्माण र कार्यान्वयनमा सघाउँदै आएको बताए ।

श्रेष्ठले महिला तथा बालबालिकामाथि हुने हिंसा र अपराधमा हुने सजायको बारेमा समेत जानकारी दिए । सो अवसरमा कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकाल र शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले लोकतान्त्रिक अवस्थामा कानुन नै सर्वोपरी हुने भएकोले कानुन निर्माण र त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन पहल भइरहेको बताए ।

सो अवसरमा ओमसतिया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पन्थी र तिलोत्तमा नगरपालिकाका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका अधिकृत सम्झना भण्डारीले महिला तथा बालबालिकाविरुद्ध हुने हिंसा अन्त्यका लागि पालिकाहरुमा भइरहेका प्रयासबारे जानकारी गराए । सिर्जनशिल संस्था नेपालका कार्यक्रम तथा व्यवस्थापन निर्देशक प्रतिमा पन्थीले रुपन्देहीका तिलोत्तमा नगरपालिका तथा ओमसतिया, शुद्धोधन, कञ्चन गाउँपालिका र त्यहाँका महिला समुहहरुसँग मिलेर महिला तथा बालबालिकाविरुद्ध हुने हिंशा सम्बोधनका लागि काम गरिरहेको बताइन् ।

सिर्जनशिल संस्था नेपालले तिलोत्तमा नगरपालिकासँग मिलेर वडा नं. ६ मा हिंसामा परेका महिलाहरुका लागि सेफ हाउस सञ्चालन गर्दै आएको छ । पन्थीका अनुसार हालसम्म ६ जनालाई सेवा दिएकोमा २ जना परिवारमा पुनःस्थापना भइसकेका छन् भने चारजना अहिले पनि सेफ हाउसमा आश्रय लिइरहेका छन् ।

# नेकपा उम्मेदवार पाण्डेले सिद्धबाबाबाट सुरु गरे चुनावी अभियान




पाल्पा । आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको लागि पाल्पा क्षेत्र नं. २ का नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार सोमप्रसाद पाण्डेले दोभानको सिद्धबाबाबाट चुनावी प्रचारप्रसार अभियान सुरु गरेका छन् । तिनाउ गाउँपालिकाको वडा नं. ३ सिद्धबाबा सुरुङ मार्ग प्रवेशद्धारमा पत्रकार सम्मेलन गरी पूर्वमन्त्री पाण्डेले चुनावी प्रचार अभियान सुरु गरेका हुन् ।

उम्मेदवार पाण्डेले २०२६ सालदेखि २०७८ सालसम्म आइपुग्दा सिद्धबाबा क्षेत्रमा ९ सय ७२ जना व्यक्तिले अकालमा ज्यान गुमाउनु परेको अवस्थामा, सिद्धबाबा क्षेत्रको सडकलाई सुरक्षित बनाउन, सुरुङ्ग मार्ग एकमात्र विकल्प हो भनी आफूले निरन्तर दबाब दिएको कारण सिद्धबाबा सुरुङ्ग मार्ग बन्न सफल भएको बताए ।

सिद्धबाबा सुरुङ्ग मार्ग निर्माणको लागि तत्काल रकम सुनिश्चित नभए, सिद्धबाबा क्षेत्रमै अनशन बस्ने घोषणा गरेपछि बाध्य भएर तत्कालीन अर्थमन्त्री युवराज खतीवडाले १० अर्ब रुपैयाँ बजेट सुनिश्चितता गरी सुरुङ्ग मार्ग निर्माणको काम भएको पाण्डेले दाबी गरे । सिद्धबाबा सुरुङ्ग मार्ग निर्माणको लागि स्विस सरकारबाट सर्भे तथा डीपीआर निर्माणदेखि बजेट सुनिश्चितताको लागि २०७४ देखि ७९ सम्मको कार्यकालमा आफ्नो महत्वपूर्ण भूमिका रहेको नेकपाका उम्मेदवार पाण्डेले दाबी गरे ।

'पाल्पामा मेरो अरु कुनै स्वार्थ छैन, मलाई पैसा कमाउनु परेको छैन, अझै पाल्पाली जनताको सेवा गर्ने, आफ्ना विगतका अधुरा योजना पूरा गर्ने, दुःखमा परेका पाल्पालीहरुको सेवा गर्ने, पाल्पाको विकास निर्माण योगदान गर्ने अभियानका साथ पाल्पा क्षेत्र नं. २ मा नेकपाबाट उम्मेदवारी दिएको हुँ ।'-पाण्डेले भने ।

२०७९ सालको निर्वाचनमा पराजय भोगे पनि पाल्पाको विकास निर्माण, योजना तथा बजेट ल्याउनमा ठुलो भूमिका खेलेको, दुःखमा परेका अधिकांश पाल्पालीको घर-घरमा पुगेको, चुनावमा पराजय भए पनि जनताको काम कटिबद्ध भएर लागेको नेकपालाई मतदान गरी आफूलाई विजय बनाउन पाल्पा क्षेत्र नं. २ का जनतासँग पाण्डेले अनुरोध गरे ।

संसददेखि सरकारसम्म, गाउँदेखि शहरसम्म, झुपडीदेखि महलसम्मको अनुभव आफूमा रहेको, कानुन निर्माणदेखि सरकार चलाउनेसम्म अनुभव भएकोले भदौ २३ र २४ मा जेनजीहरुले गरेको आन्दोलनको भावनालाई समेत पूरा गर्नको लागि पाल्पा क्षेत्र नं. २ मा नेकपाको तारा चिन्हमा मतदान गर्न उम्मेदवार पाण्डेले जनतासँग आग्रह गरे ।

मुलुक अहिले संकटमा रहेकोले, निकास र विकासको लागि राजनीतिक दलबिचको सहमती, एकता र सहकार्यको लागि सक्रियता रहने उम्मेदवार पाण्डेले बताए । चुनावी प्रचारप्रसार पत्रकार भेटघाट कार्यक्रममा नेकपा पाल्पाका अध्यक्ष अशोककुमार शाही, केन्द्रीय सदस्य यादवबहादुर रायमाझी, समानुपातिक सांसद पार्वती विकसहित स्थानीयवासी, पत्रकार एवं पार्टीका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

पाल्पा क्षेत्र नं. २ मा पाण्डेसहित १७ जनाको उम्मेदवारी परेको छ । अन्य उम्मेदवारहरुमा नेकपा एमालेबाट निवर्तमान सासंद ठाकुर गैरे, नेपाली कांग्रेसबाट जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टीबाट माधवबहादुर थापाले उम्मेदवारी दिएका छन् । त्यसैगरी राष्ट्रिय जनमोर्चाबाट जिल्ला अध्यक्ष बालबहादुर दर्लामी, राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला अध्यक्ष डुलबहादुर कुँवर, नेशनल रिपब्लिक नेपालबाट देवप्रसाद श्रेष्ठ, सर्वभौम नागरिक पार्टीबाट रामबहादुर अस्लामी, जनता समाजवादी एकल चुनाव चिन्हबाट खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिबाट टोपबहादुर अस्लामी, मंगोल नेसनल अर्गनाइजेसनबाट मानबहादुर दर्लामी, नेपाल कम्युनिष्ट पार्टी(माओवादी) बाट विष्णु ठडराई, प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट बोधराज जैसी, नेपाल मजदुर किसान पार्टीबाट कृष्ण सोभा मुस्याख्वले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी स्वतन्त्रबाट मोहनकुमार थापा, देवीप्रसाद भण्डारी र केशवप्रसाद बस्याल गरी १७ जनाले उम्मेदवारी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका प्रवक्ता सहायक निर्वाचन अधिकृत केशव पराजुलीले जानकारी दिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले पाल्पाका सबै उम्मेदवारहरुलाई निर्वाचन चिन्ह प्रदान गरेको छ ।

# ६ महिनामा नौ अर्ब ३४ करोड राजस्व सङ्कलन

राँझा । नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा रु नौ अर्ब ३४ करोड ६४ लाख राजस्व सङ्कलन गरेको छ ।

चालु आर्थिक वर्षको साउनदेखि पुससम्म छ महिनामा वार्षिक लक्ष्यको ३८.०८ प्रतिशत राजस्व सङ्कलन भएको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले जानकारी दिए ।

उनका अनुसार, नेपालगञ्ज भन्सारको चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको वार्षिक लक्ष्य रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रहेकामा हालसम्म कुनै पनि महिनामा निर्धारित मासिक लक्ष्य हासिल गर्न सकेको छैन । लक्ष्य पूरा गर्न बाँकी छ महिनामा करिब ६२ प्रतिशत भन्सार राजस्व असुल गर्नुपर्ने हुन्छ ।

नेपालगञ्ज भन्सारमा चालु आवको साउन महिनामा रु एक अर्ब ८६ करोड ६५ लाख ४६ हजार लक्ष्य रहेकामा ७४ दशमलव १४ प्रतिशत रु एक अर्ब ३८ करोड ३७ लाख ८४ हजार, भदौ महिनामा रु एक अर्ब ९३ लाख ६४ हजार ५४ लक्ष्य रहेकामा ६९ दशमलव ७७ प्रतिशत रु एक अर्ब ३५ करोड १० लाख नौ हजार राजस्व सङ्कलन भएको छ ।

यसैगरी असोज महिनामा रु एक अर्ब ९८ करोड ३१ लाख ३० लक्ष्य रहेकामा ८७ दशमलव ८३ प्रतिशत रु एक अर्ब ७४ करोड १६ लाख पाँच हजार, कात्तिक महिनामा रु दुई अर्ब १२ करोड ६१ लाख ३० हजार लक्ष्य रहेकामा ७२ दशमलव ३० प्रतिशत रु एक अर्ब ५३ करोड ७० लाख ८२ हजार, मङ्सिर महिनामा रु एक अर्ब ९६ करोड ३६ लाख १४ हजार लक्ष्य रहेकामा ८३ दशमलव ४५ प्रतिशत रु एक अर्ब ६३ करोड ८५ लाख १० हजार र पुस महिनामा रु दुई अर्ब तीन करोड ४५ लाख २१ हजार लक्ष्य रहेकामा रु एक अर्ब ६९ करोड ४४ लाख १३ हजार राजस्व सङ्कलन भएको छ ।

कार्यालयको तथ्याङ्कअनुसार अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को साउनमा लक्ष्यको ७३.६७ प्रतिशत, भदौ महिनामा लक्ष्यको ६६.६२ प्रतिशत, असोजमा ६६.९१ प्रतिशत, कात्तिकमा ७६.४४ प्रतिशत, मङ्सिरमा ७६.२७ र पुसमा ७१.१५ प्रतिशत राजस्व सङ्कलन भएको थियो ।

नेपालगञ्ज भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा रु ३८ अर्ब बढीको मालसामान आयात निर्यात भएको छ ।

भन्सार कार्यालयका अनुसार, पुस मसान्तसम्म रु ३८ अर्ब ९८ करोड ५७ लाख ६१ हजार बराबरको कारोबार भएको हो । कार्यालयबाट चालु आवको छ महिनामा रु ३७ अर्ब ६२ करोड ७३ लाख ३२ हजार बराबरको आयात हुँदा निर्यात भने रु एक अर्ब ३५ करोड ८४ लाख २९ हजारको मात्रै भएको छ ।

अघिल्लो आवको सोही अवधिमा कार्यालयबाट रु ३५ अर्ब २७ करोड ६५ लाख आठ हजारको आयात र रु एक अर्ब १६ करोड ३९ लाख १२ हजार बराबरको मात्रै निर्यात भएको थियो । अघिल्लो आव र चालु आवको ६ महिनाको तुलना गर्दा आयात ६.६६ प्रतिशत, निर्यात १६.७१ प्रतिशत र जम्मा व्यापार ६.९८ प्रतिशतले बढेको छ । कार्यालयबाट हुने व्यापार घाटा अघिल्लो आव र चालु आवको छ महिनाको अवधिमा उस्तै रहेको छ । अघिल्लो आवको छ महिनामा व्यापार घाटा ९६.७ प्रतिशत रहेकामा चालु आवमा व्यापार घाटा ९६.३८ रहेको कार्यालयका सूचना अधिकारी खड्काले जानकारी दिए ।

# पडरिया लुम्बिनी प्रिमियर लिगमा नेपाल र भारतका ३२ टिम भिड्दै



भैरहवा । शनिबारदेखि लुम्बिनीमा आठौं संस्करणको पडरिया लुम्बिनी प्रिमियर लिगमा नेपाल र भारतका ३२ क्रिकेट टिमबिच प्रतियोगिता हुँदैछ ।

स्थानीय खेलाडीलाई उर्जा प्रदान गर्न र नेपाल भारतको सम्बन्धलाई प्रगाढ बनाउने उद्देश्यले आठौं संस्करणको प्रतियोयिता हुन लागेको हो ।

लुम्बिनी नव युवा क्लबको आयोजनामा टि-२० नकआउट फर्मेटमा प्रतियोगिता आयोजना हुनेछ । प्रतियोगितामा नेपालको विभिन्न क्षेत्रका १६ र भारतको १६ टिमबिच प्रतियोगिता हुने क्लबका संस्थापक अध्यक्ष अहमद खानले बताए ।

'हामीले विगतदेखि नै यो खेल आयोजना गरेकोले क्रिकेटको विकासमा यो प्रतियोगिताले ठूलो योगदान गरेको छ, यही फिल्डबाट खेलको सुरुवात गर्नेहरु विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन सकेका छन् ।'-उनले भने ।

प्रतियोगिता पडरिया नजिकै रहेको लुम्बिनी विकास कोष परिसरको मैदानमा हुँदैछ । प्रतियोगिताको ट्राइसिट अनुसार नेपाल र भारतको टिमबिच प्रतिस्पर्धा हुने गरी तय गरिएको छ । शनिबार लुम्बिनी प्रदेशका युवा तथा खेलकुद मन्त्रीले खेलको उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजकले जनाएका छन् ।

प्रतियोगितामा विजयी टोलीले ३ लाख नगद पुरस्कार, उप-विजेतालाई १ लाख ५० हजार, म्यान अफ द सिरीजलाई २५ हजार, उत्कृष्ट व्याटर र बल द्वयलाई ११ हजार, अनुशासित टिमलाई १० हजार प्रदान गरिने छ । यसका अलावा पनि विभिन्न पुरस्कारहरु प्रयोजन भएका छन् ।

# व्यापार संघमा वस्तुगत उप-समिति गठन



बुटवल । रूपन्देही व्यापार संघले व्याग तथा जुत्ताचप्पल व्यवसायीहरुको वृहत भेलाले वस्तुगत उप-समिति पूर्नगठन गरेको छ । संघको सचिवालयमा भएको उक्त भेलाले विजयसिंह रायमाझीको संयोजकत्वमा १४ सदस्यीय व्याग वस्तुगत उप-समिति र उत्तम देवकोटाको संयोजकत्वमा १३ सदस्यीय जुत्ताचप्पल वस्तुगत उपसमिति गठन गरेको हो ।

भेलामा बोल्दै संघका अध्यक्ष प्रकाश ढकालले व्यवसायीहरुको एकताले मात्र व्यवसायिक समस्या समाधान गर्न सकिने बताउँदै संघका लागि वस्तुगत उप-समितिहरु आधारस्तम्भ भएको जिकिर गरे । उनले संघको गरिमा र उद्देश्य पूरा गर्न उप-समितिको सक्रियता र व्यवसायीहरुको खबरदारी जरुरी हुने उल्लेख गर्दै व्यापार संघ सधैँ व्यवसायीहरुको पक्षमा उभिने प्रतिबद्धता व्यक्त गरे ।

भेलामा संघका कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, सचिव जयलाल न्यौपाने, सह-सचिव एवं वस्तुगत उप-समितिका संयोजक नलराज नेपाल, कार्यसमिति सदस्यहरु प्रेमनाथ पाण्डे, माधवप्रसाद ज्ञवाली, केदार नेपाल, टेकराज पन्थी, अशोक ज्ञवाली, गोविन्द चापागाईं, मुरारीराज भण्डारी, विजय ज्ञवाली, विनित भट्टराई र पूर्व कार्यसमिति सदस्य रितेश ज्ञवाली, छविलाल चापागाईंलगायतले आफ्ना भनाइ राखेका थिए ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com